पुष्करलालद्वारा प्रतिष्ठापित

# नेपाल समाचारपत्र

newsofnepal.com

राष्ट्रिय दैनिक

मंगलबार, भदौ ३०, २०८३ | Tuesday, September 15, 2026 | नेसं ११४६, ञलाथ्व ४ | वर्ष ३१, अंक २१५ | पृष्ठ ८ | मूल्य रू १०/–

ई IMAGE HD

■ तीन जिल्लाको द्रुत सर्वेक्षण प्रतिवेदन सार्वजनिक

## १९ विद्यालय पूर्ण बन्द, ४५ विद्यालय भवन, २६८ कक्षाकोठा क्षतिग्रस्त

### अभिभावकविहीन बालबालिकालाई विशेष सहयोग आवश्यक

ईश्वरराज ढकाल, काठमाडौँ

भोटेकोशी बाढीबाट क्षतिग्रस्त रसुवा, नुवाकोट र धादिङ गरी तीन जिल्लाका ३४ वटा शैक्षिक संस्थामध्ये ३१ वटामा भौतिक क्षति भएको छ। कुल ४५ वटा विद्यालय भवन र २६८ वटा कक्षाकोठा क्षतिग्रस्त भएका छन्। सार्वजनिक शैक्षिक पूर्वाधारमा भवन क्षतिको ७१ प्रतिशतभन्दा बढी र कक्षाकोठा क्षतिको ६२ प्रतिशतभन्दा बढी हिस्सा रहेको छ। जिल्लागत रूपमा नुवाकोट, विशेषगरी विदुर नगरपालिका, सबैभन्दा बढी भौतिक क्षति भएको क्षेत्रका रूपमा देखिएको छ।

भौतिक क्षतिका कारण १९ विद्यालय पूर्णरूपमा बन्द, ४ विद्यालय अस्थायी रूपमा बन्द अवस्थामा रहेका छन्। ७ वटा मात्र सामान्य रूपमा सञ्चालनमा रहेका छन्। यसले प्रभावित बालबालिकाको नियमित सिकाइमा तत्काल र दीर्घकालीन अवरोध सिर्जना गरेको छ। त्यसैगरी, ८२ वटा शौचालय, ३५ वटा खानेपानी आपूर्ति प्रणाली तथा २० वटा प्राथमिक खानेपानी स्रोतमा क्षति पुगेको छ। सडक तथा पहुँच मार्ग अवरुद्ध हुँदा विद्यार्थी, शिक्षक तथा शिक्षा सेवा प्रदायकको सुरक्षित आवागमनमा थप चुनौती उत्पन्न भएको छ।

द्रुत क्षति तथा आवश्यकता विश्लेषण प्रतिवेदन तयार पारिएको तथ्यांकअनुसार ९ हजार ४३० विद्यार्थी प्रभावित भएका छन्। ५५९ शिक्षक र ५ विद्यार्थीको मृत्यु भएको उल्लेख छ। ५ सय जना बालबालिका बेपत्ता र सम्पर्कविहीन रहेको तथा १ हजार ३७२ जना विद्यार्थी विस्थापित भएका छन्।

त्यसैगरी, शिक्षक तथा शिक्षाक्षेत्रमा कार्यरत जनशक्तिमध्ये २१६ जना प्रभावित भएको छ। २ जना शिक्षकको मृत्यु भएको तथा २४ जना शिक्षक बेपत्ता र सम्पर्कविहीन रहेको रिपोर्ट गरिएको छ। यसबाहेक ३ हजार २३२ पाठ्यपुस्तक, २ हजार २२७ सेट शिक्षण-सिकाइ सामग्री, ४ हजार ५६१ डेस्क-बेञ्च, १९४ डेस्कटप कम्प्युटर तथा १४४ ल्यापटपमा क्षति वा अभाव देखिएको छ।

तीन जिल्लामा द्रुत सर्वेक्षणपछि सार्वजनिक प्रतिवेदनमा तत्काल विद्यालय सञ्चालन गर्ने वातावरण तयार गर्न मानसिक रूपमा तयार पार्नुपर्ने देखिएको छ। शिक्षा विभागले हिजो सोमवार रसुवा, नुवाकोट र धादिङ जिल्लाको पूर्ण विवरणसहित प्रतिकार्य योजना सार्वजनिक गरेको हो।

विभागले बाढीले पारेको प्रभावबारे स्थलगत अवलोकनसहित द्रुत सर्वेक्षण प्रतिवेदन तयार गर्न शिक्षा समूहसहितको टोली तीन जिल्लामा खटाएको थियो। करिब एक साताको स्थलगत अवलोकनपछि प्रतिवेदन सार्वजनिक गरेको हो। सार्वजनिक प्रतिवेदनमा प्रतिकार्य योजनालाई विशेष प्राथमिकता दिएको छ।

(क्रमशः पृष्ठ ५ मा)

### विद्यालय सञ्चालन गर्न जनशक्ति र संरचना आवश्यक

काठमाडौँ, (नेस)

भोटेकोशी बाढीबाट प्रभावित तीन जिल्लाका विद्यालय सञ्चालन गर्न आवश्यक जनशक्तिसहितको संरचना तयार गर्न सिफारिस गरेको छ। द्रुत टिमको स्थलगत अवलोकनपछि तयार गरेको प्रतिवेदनमा उक्त जनशक्ति र संरचना आवश्यक रहेको औँल्याएको छ।

सुरुको ३ महिनाका लागि जनशक्ति सहित १९ प्रकारका संरचना आवश्यक रहेको उल्लेख छ। प्रतिवेदनमा ४६ अस्थायी अध्ययन केन्द्र (टिएलसी), ८२ अस्थायी शौचालय, ५५ खानेपानी पाइपलाइन तथा पानीको स्रोत पुनःस्थापना, २० थान प्रारम्भिक बालशिक्षा बाकस आवश्यक रहेको औँल्याएको छ।

यस्तै प्रतिविद्यालय ३ बाकस विद्यालय किट, संस्थागतसहित सबै प्रभावित विद्यार्थीका लागि ९ हजार ४३० विद्यार्थी किट, विस्थापित विद्यार्थीका लागि १ हजार ३७२ आपत्कालीन सहयोगग किट, स्वःअध्ययन तथा घरमा सिकाइ गर्न १ हजार २२७ सामाग्री सेट, प्रति विद्यालय ३ वटाको दरले ९३ वटा शिक्षक किट, १९४ कम्प्युटर, १४४ ल्यापटप, आवश्यकताअनुसार पुस्तकालय र पुस्तक आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ।

(क्रमशः पृष्ठ ५ मा)

## एमालेमा पुनर्गठन कि नेतृत्व जोगाउने कसरत ?

### कार्यदलमै चर्कियो विवाद

दीपक रिजाल, काठमाडौँ

नेकपा एमालेभित्र देखिएको पुस्तान्तरणको विवाद अब नेतृत्वको बहिर्गमनको बहसबाट पार्टी पुनर्गठनको मुद्दासम्म पुगेको छ। गत प्रतिनिधिसभा निर्वाचनमा पार्टीले व्यहोरेको पराजयको समीक्षा र आगामी राजनीतिक चुनौती सामना गर्न पुनर्गठनको खाका बनाउन गठित कार्यदलभित्रै नेताहरूबीच तीव्र मतभेद देखिएपछि विवाद थप सतहमा आएको हो।

एमाले उपाध्यक्ष रामबहादुर थापा 'बादल'को संयोजकत्वमा गठित निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलको बैठकमा अध्यक्ष केपी शर्मा ओलीको नेतृत्व, पार्टी सञ्चालन शैली, निर्वाचन पराजयको जिम्मेवारी र नेतृत्व हस्तान्तरणको विषयलाई लिएर सदस्यहरूबीच आरोप-प्रत्यारोप भएको छ। काभ्रेको पनौतीस्थित बल्थलीमा शनिवारदेखि जारी आवासीय बैठकमा कार्यदलका सदस्यहरूले पार्टीको वर्तमान अवस्थाबारे खुलेर धारणा राखेका छन्। बैठकमा फोन सम्पर्क र सञ्चारमाध्यमलाई सूचना दिनसमेत कडाइ गरिएको छ।

बैठकमा संयोजक बादलले सुरुदेखि नै कार्यदलको औचित्यमाथि प्रश्न उठाउँदै आएको र अहिले पनि आफ्नो धारणा कायम रहेको बताएपछि विवाद चर्किएको हो। बादलले आफूले तयार पारेको दस्तावेज अध्यक्ष ओलीको धारणा भएको बताएपछि कार्यदलका अन्य सदस्यहरूले त्यसको प्रतिवाद गरेका थिए।

'कार्यदलको औचित्य छैन भने संयोजक किन बन्नुभयो ?, बैठक किन बोलाउनुभयो ?, देशभर किन सुझाव संकलन गर्नुभयो ?, जिम्मेवारी लिन नसक्ने हो भने राजीनामा दिनुस्' भन्दै सदस्यहरूले बादललाई प्रश्न गरेको बैठकमा सहभागी एक नेताले नेपाल समाचारपत्रलाई जानकारी दिए।

### निर्वाचन पराजयको समीक्षा गर्न बनेको कार्यदलमै दुई धार, ओलीको नेतृत्वदेखि दोस्रो पुस्ताको भूमिकासम्म प्रश्न

कार्यदलले देशभर पुगेर पार्टीको अवस्था र निर्वाचन पराजयका कारणबारे सुझाव संकलन गरेको थियो। तर आफूहरूले तयार पारेको प्रतिवेदन औपचारिकता नपाउँदै सञ्चारमाध्यमबाट सार्वजनिक भएको भन्दै अधिकांश सदस्यले नेतृत्वप्रति असन्तुष्टि जनाएका छन्। 'हामीले मिडिया हेरेर प्रतिवेदनबारे थाहा पाउनुपर्ने हो भने किन कार्यदलको सदस्य बनाइयो ?, किन देशभर पठाइयो ?, समितिमै छलफल नगरी प्रतिवेदन बाहिर कसरी गयो ?' भन्दै सदस्यहरूले प्रश्न उठाएका थिए।

महासचिव शंकर पोखरेलले तयार पारेको प्रतिवेदनमा अध्यक्ष ओलीको नेतृत्व परिवर्तन र विशेष महाधिवेशनको विषय उठेपछि एमालेभित्रको विवाद थप गहिरिएको देखिन्छ। बादलले भने ओलीलाई विस्थापन गर्ने योजना पहिलेदेखि नै बनाइएको आरोप लगाउनुभएको थियो। उहाँले सुरुमा विद्या भण्डारी, त्यसपछि ईश्वर पोखरेल र अहिले विष्णु पौडेल तथा शंकर पोखरेललगायत नेताहरूले ओलीलाई विस्थापन गर्ने प्रयास गरिरहेको आरोप बैठकमा लगाएपछि नेताहरूले बादलको भनाइको प्रतिवाद गरेका थिए।

बादलले विगतमा पार्टी र सरकारका महत्वपूर्ण निर्णयहरू सामूहिक रूपमा सचिवालयबाट हुने गरेको उल्लेख गर्दै अहिलेको कमजोरीको सम्पूर्ण जिम्मेवारी अध्यक्षलाई मात्र थोपर्न नमिल्ने तर्क राख्नुभएपछि नेताहरूले पार्टी सरकारमा हुँदा कहाँ सामूहिक छलफल भयो ? भन्ने प्रश्न गरेपछि बादल केही समय मौन बस्नुभएको थियो।

बैठकमा एमालेको निर्वाचन पराजयका कारणबारे पनि गम्भीर बहस भएको छ। पार्टी पुनर्गठनको पक्षमा रहेका नेताहरूले निर्वाचनमा भएको पराजयको जिम्मेवारी अध्यक्ष ओलीसहित तत्कालीन सरकार र पार्टी सञ्चालनमा महत्वपूर्ण भूमिकामा रहेका सबै नेताले लिनुपर्ने धारणा राखेका छन्। विशेषगरी कांग्रेससँगको गठबन्धन, विवादित व्यक्तिहरूलाई पार्टीमा प्रवेश गराइएको विषय, संसद् विघटनको निर्णय तथा सरकार सञ्चालनमा देखिएका कमजोरीलाई सदस्यहरूले प्रश्नको घेरामा राखेका छन्। बैठकमा सहभागी एक नेताले दुर्गा प्रसाईं र एकनाथ ढकालजस्ता विवादित पात्रसँगको राजनीतिक सम्बन्धले पार्टीको छवि प्रभावित भएको विषय पनि जोडतोडको रूपमा उठेको जानकारी दिए।

(क्रमशः पृष्ठ ५ मा)

## बाढीपछि टुटेको सम्पर्क जोड्न दबाब

- १५ स्थानीय तहका जनप्रतिनिधिसँग प्रधानमन्त्रीको छलफल
- ३३ मोटरेबल पुल पूर्णतः बगे
- राहतभन्दा पहिले सडक-पुल खुलाउन माग

सुनील महर्जन, काठमाडौँ

भोटेकोशी बाढीपछिको स्थानीय तहसँग आवश्यक समन्वय नगरेको आरोप लागिरहेको बेला प्रधानमन्त्री बालेन शाहले बाढी प्रभावित स्थानीय तहका जनप्रतिनिधिसँग संवाद गर्नुभएको छ।

नुवाकोट, रसुवा, धादिङ, गोरखा र तनहुँका विपद् प्रभावित १५ स्थानीय तहका प्रमुख तथा प्रतिनिधिसभा सदस्यहरूलाई सोमवार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बोलाएर छलफल गर्नुभएको हो। भोटेकोशी नदीमा बाढीमा आएको सुरुका दिनहरूमा संघ, प्रदेश र स्थानीय तहबीच संचना आदानप्रदान र निर्णय प्रक्रियामा अपेक्षित समन्वय हुन नसकेको गुनासो प्रदेश र स्थानीय तहका जनप्रनिनिधिले गर्दै आएका थिए। यही पृष्ठभूमिमा स्थानीय जनप्रतिनिधिले प्रधानमन्त्री शाहसँगको भेटमा अहिले पुनःनिर्माण लागि भन्दा पहिले भौतिक सम्पर्क पुनःस्थापना गर्नुपर्ने आवश्यकता सुनाए।

छलफलमा कतिपय जनप्रतिनिधिले बाढीपछि सडक, पुल र अन्य पूर्वाधार बगाउँदा भौतिक सम्पर्क टुटेको, राहत व्यवस्थापनमा स्थानीय प्रशासन र विभिन्न निकायबीच समन्वयको समस्या देखिएको तथा तत्काल निर्णय आवश्यक रहेको विषय उठाएका थिए। सडक नखुल्दा राहत बोकेका सवारीसाधन र निर्माण सामग्री प्रभावित क्षेत्रमा पुग्न नसक्ने तथा पुल नबन्दा स्वास्थ्य, शिक्षा र बजारसंगको सम्पर्क लामो समयसम्म टुटिरहने जोखिम रहेको जनप्रतिनिधिहरूको भनाइ थियो।

(क्रमशः पृष्ठ ५ मा)

## यसपालिको तीज पीडामाथि उभिएको पर्व


तस्वीर : अनिल आङदेम्बे

भगवती तिमल्सिना, काठमाडौँ

नेपाली हिन्दु महिलाहरूको महान् पर्व हरितालिका तीज यसपालि विगतका वर्षहरू जस्तो उल्लासमय देखिएन। यही भदौ १० गते चीनसँगको सिमाना रसुवा-भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीले एउटा भूगोललाई मात्र होइन, सिंगो नेपाली मनलाई शोकमा डुबाएको छ। त्यसैले यस वर्षको तीजको रौनकमा पनि पीडाको गहिरो छाया देखिएको छ।

विगतका वर्षहरूमा तीज आउनुअघि नै घरघरमा चहलपहल सुरु हुन्थ्यो। नयाँ नयाँ कपडा, गरगहना किन्ने, दर खाने तयारी हुन्थ्यो। दिदीबहिनी माइती-मावली जाने, आफन्त भेट्ने, सुख-दुःख साट्ने र रमाइलो गर्ने क्रम चल्थ्यो। टोलटोलमा तीजका गीत गुञ्जिन्थे। मन्दिर तथा देवतीर्थ जाने महिलाहरूको भीड लाग्थ्यो। कतिपय ठाउँमा त तीज विशेष कार्यक्रम गरी दरका नाममा महिनौंअघिदेखि तामझाम र जमघट सुरु हुन्थ्यो।

तर यसपालि अवस्था फरक छ। देशमाथि कालो बादल मडारिएको छ। रसुवा-भोटेकोशीको बाढीले धेरै परिवारका खुसी खोसेको छ। कतिपयका घर छैनन्, बस्ने बास छैन। खाने अन्न छैन। आफन्त कहाँ छन् ? भन्ने थाहा सम्म छैन। परिवारका सदस्य हराएका छन्। कसैको प्रतीक्षा अझै सकिएको छैन। कसैको पीडा व्यक्त गर्ने शब्द नै छैन।


यस्तो अवस्थामा तीजका गीतहरू कसरी विगतकै जस्तो स्वरमा गुञ्जिऊन् ? तीज केवल नाचगान र रमाइलोको पर्व मात्र होइन। यो नेपाली महिलाले आफ्नो जीवनका भोगाइ, पीडा, आशा, प्रेम र सामाजिक यथार्थलाई गीतमार्फत व्यक्त गर्ने अवसर पनि हो। महादेवको पूजा गर्दै विवाहित महिलाले श्रीमान्को दीर्घायुको कामना गर्छन्। अविवाहित युवतीले सुयोग्य वरको प्रार्थना गर्छन्। आमा, हजुरआमा तथा एकल महिलाहरूले आफ्ना सन्तान र परिवारको सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दै व्रत बस्छन्।

तर यसपालि ती प्रार्थनामा विपद्मा परेका परिवार पनि जोडिएका छन्। कुनै आमाले आफ्ना हराइरहेका सन्तानको सुरक्षित फिर्ती मागिरहेकी हुन सक्छिन्। कुनै श्रीमतीले बेपत्ता श्रीमान्को खबर पर्खिरहेकी हुन सक्छिन्।

(क्रमशः पृष्ठ ५ मा)

■ कांग्रेसभित्र फेरि रडाको

## शशांकले रोके विशेष महाधिवेशन



काठमाडौँ, (नेस)

नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालाले आश्विन ३ गतेदेखि सुरु गर्ने भनिएको 'तथाकथित' विशेष अधिवेशन तथा महाधिवेशनमा सहभागी नहुन नेता-कार्यकर्तालाई अपिल गर्नुभएको छ।

कोइरालाले सोमवार जारी गरेको प्रेस विज्ञप्तिमार्फत कांग्रेसभित्रको पछिल्लो विवाद व्यक्ति, समूह वा पदको विषय मात्रै नभई पार्टीको वैधानिकता, लोकतान्त्रिक संस्कार, संगठनात्मक एकता र भविष्यसँग जोडिएको गम्भीर राजनीतिक प्रश्न भएको बताउनुभएको छ।

उहाँले विशेष महाधिवेशनका नाममा पार्टीभित्र थप विवाद सिर्जना नगर्न र संवाद तथा सहमतिबाट निकास खोज्न आग्रह पनि गर्नुभएको छ। पार्टीको आधिकारिकतासम्बन्धी विषय सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा एकतर्फी रूपमा अधिवेशन तथा महाधिवेशनको कार्यतालिका अघि बढाउनु उचित नहुने उहाँको भनाइ छ।

'सर्वोच्च अदालतको निर्णयको प्रतीक्षा नगरी एकलौटी रूपमा अगाडि बढ्नु कुनै पनि हालतमा उचित मान्न सकिन्न' -विज्ञप्तिमा भनिएको छ। कोइरालाले निश्चित सर्त स्वीकार गरेपछि मात्र पद व्यवस्थापन गर्ने वा राजनीतिक सहमतिको सट्टा पद बाँडफाँटलाई समाधान बनाउने प्रवृत्तिले कांग्रेसको लोकतान्त्रिक संस्कार कमजोर बनाउने चेतावनीसमेत दिनुभएको छ।

(क्रमशः पृष्ठ ५ मा)

### हेटौंडा–काठमाडौं अर्को वैकल्पिक मार्ग

# भीमफेदी-कोगटे-इपा-सिस्नेरी सडकमा 'रूट परमिट' अनिवार्य

रोशन पराजुली, हेटौंडा

वागमती प्रदेश सरकारले भीमफेदी-कोगटे-इपाभञ्ज्याङ हुँदै सिस्नेरी जोड्ने अर्को वैकल्पिक सडक मार्गमा साना तथा मझौला सवारीसाधन पठाउन थालेको छ।

पृथ्वी राजमार्गको कृष्णभीरमा गएको पहिरोका कारण सडक अवरुद्ध भएपछि हेटौंडा-काठमाडौं जोड्ने भीमफेदी-देउराली सडकखण्डमा सवारीसाधनको अधिक चाप बढेपछि उक्त चापलाई व्यवस्थापन गर्न यसो गरिएको हो।

त्रिभुवन राजपथलाई हेटौंडाबाट काठमाडौं जाने र कान्ति लोकपथलाई काठमाडौंबाट हेटौंडातर्फ फर्कने गरी एकतर्फी गरिएको छ। हेटौंडा भएर काठमाडौं जाने साना सवारीसाधन भने भैंसे-भीमफेदी-फर्पिङ-काठमाडौं सडकबाट आवत-जावत गर्दै आएका छन्। भैंसे-भीमफेदी-फर्पिङ सडकअन्तर्गत भीमफेदीदेखि कुलेखानी हेभीचौरसम्म सडक कम चौडा, साँघुरो, धेरै मोडका कारण सवारी चाप भएको समयमा दुर्घटनाको जोखिम बढेसँगै तत्कालका लागि वैकल्पिक रूपमा भीमफेदी-कोगटे-इपा-सिस्नेरी सडक सुधार गरेर सञ्चालनमा ल्याइएको हो।

भैंसे-भीमफेदी-फर्पिङ सडकअन्तर्गत भीमफेदीदेखि कुलेखानी हेभीचौरसम्म सडकमा सवारी चाप अधिक भएपछि भीमफेदी-कोगटे-इपा-सिस्नेरी सडकको निरीक्षणपछि वागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले तत्काल उक्त सडक सञ्चालनमा ल्याउन निर्देशन दिनुभएको थियो।

प्रदेश सरकारले चालू आर्थिक वर्षमै उक्त सडकको मर्मत तथा स्तरोन्नतिका लागि बजेट विनियोजन गरिसकेको छ। आवश्यक मर्मतपछि सडक सञ्चालनमा ल्याएर हेटौंडा-काठमाडौं आवागमनलाई सहज बनाएको प्रदेश सरकारको भनाइ छ। उक्त सडक सञ्चालनमा आएसँगै हेटौंडा-काठमाडौं आवत-जावतका लागि अर्को वैकल्पिक मार्ग उपलब्ध भएको र मुख्य राजमार्ग अवरुद्ध भएका बेला यात्रुले भोग्दै आएको समस्या कम गर्न सहयोग पुग्ने मुख्यमन्त्री थापाले बताउनुभयो।

मुख्यमन्त्रीसहितको अनुगमनपछि उक्त सडकको मर्मत कार्य औपचारिकरुपमा सुरु गरी करिब एक सातामा सडकका गाडी चल्न थालेको भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले जानकारी दिनुभयो। चार वटा एक्साभेटर, दुई वटा लोडर तथा आवश्यक अन्य उपकरण परिचालन गरी भीमफेदी र सिस्नेरीतर्फ दुवै दिशाबाट एकैसाथ मर्मत कार्य सुरु गरिएको थियो।

भीमफेदी-देउरालीको चाप घटाउन वैकल्पिक मार्ग तयार पारिएको वागमती प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री भरतबहादुर केसी बताउनुहुन्छ। कूल ३१ किलोमिटर लम्बाइ रहेको सडकखण्डमा ६ देखि ७ किलोमिटर कालोपत्र (पिच) भइसकेको छ भने बाँकी ग्राभेल र केही भाग धुले सडक छ। धुले तथा अप्ठ्यारो खण्डमा स्टोन बोल्डर हालेर गाडी सहज चल्नसक्ने बनाइएको छ।

भीमफेदीमाथिको करिब ४ किलोमिटर लामो घुम्तीको विकल्पमा १ किलोमिटर नयाँ छोटो बाटो निर्माण गरी ३ किलोमिटर दूरी घटाएर करिब ३० किलोमिटरमा सिस्नेरी पुग्ने व्यवस्था मिलाइएको छ। उक्त मार्गमा मझौला बस, सुमो, टाटा योद्धा, पिकअप जस्ता साना सवारीसाधन डाइभर्ट गरिएका छन्। छोटो दूरीको मार्गअन्तर्गत भैंसे-भीमफेदी-फर्पिङ-काठमाडौं सडकको भीमफेदी-कोगटे-इपा-सिस्नेरी सडकखण्डमा 'रुट परमिट' अनिवार्य गरिएको छ।

भैंसे-भीमफेदी-फर्पिङ-काठमाडौं सडकको भीमफेदी-कुलेखानी हेभीचौर सडकखण्डमा सवारी चाप अधिक भएपछि उक्त खण्डको बिकल्पमा हालै भीमफेदी-कोगटे-इपा-सिस्नेरी सडकखण्ड सञ्चालनमा ल्याइएको हो।

यातायात व्यवस्था कार्यालय हेटौंडाले मकवानपुरको भीमफेदी-कोगटे-इपा-सिस्नेरी सडकखण्डमा सञ्चालन हुने सवारीसाधनका लागि अस्थायी बाटो इजाजतपत्र (रुट परमिट) अनिवार्य गरिएको जनाएको छ।

यस्तै, भीमफेदी गाउँपालिका-९ अघोर बजारनजिक त्रिभुवन राजपथ भासिएपछि सवारी आवागमनमा कठिनाइ भएको छ। उक्त सडकखण्डमा एकतर्फीरूपमा सवारी आवागमन सञ्चालनमा ल्याइएको छ।

## एउटै वडा सचिवले ६ वटा वडा हेर्दै

वीरबहादुर बम, मुगु

छायाँनाथ रारा नगरपालिकाका १४ वटा वडामा चार जना मात्र वडा सचिव हुँदा एउटै सचिवले ६ वटासम्म वडा कार्यालयको जिम्मेवारी सम्हाल्नुपर्ने अवस्था छ। वडा सचिवको अभावमा स्थानीय तहबाट प्रवाह हुने सेवा प्रभावित हुँदै आएको हो।

छायानाथ रारा नगरपालिकाका १४ वडामध्ये अधिकांशमा वडा सचिवको दरबन्दी रिक्त रहेको छ। चार जना वडा सचिवलाई दोहोरो तथा बहुजिम्मेवारी दिइएको छायाँनाथ रारा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नन्दबहादुर शाहीले बताउनुभयो। सचिवको अभावमा कतिपय वडाको सेवा अर्को वडा कार्यालयबाट समेत सञ्चालन गर्नुपर्ने अवस्था छ।

छायाँनाथ रारा नगरपालिका-२ का वडा सचिव हेमबहादुर बढुवालले ६ वटा वडा कार्यालयको जिम्मेवारी सम्हाल्दै आउनुभएको छ। एउटै सचिवले धेरै वडा हेर्नुपर्ने भएकाले सेवाग्राहीले समयमा सेवा पाउन समस्या हुने गरेको छायाँनाथ रारा-८ का स्थानीय रामबहादुर रावलले बताउनुभयो।

वडा सचिव बढुवालले सेवाग्राहीको काम प्रभावित नहोस् भनेर बिदाको दिनसमेत कार्यालयमा बसेर काम गर्ने गर्नुभएको छ। 'सेवाग्राहीको कामलाई मध्यनजर गर्दै छिटोछरितो सेवा दिन बिहान ८ बजे नै कार्यालय आउने गरेको छु। काम सकेर साँझ ७ बजे मात्र घर फर्किने गरेको छु।' -उहाँले भन्नुभयो।

'मुगुका अन्य स्थानीय तहमा पनि वडा सचिवको अभाव उस्तै छ। जिल्लाका चारवटै स्थानीय तहमा आवश्यकता अनुसार वडा सचिव छैनन्', सोरु गाउँपालिका-८ का समाजसेवी रतनबहादुर बलमे भन्नुभयो- 'छायाँनाथ रारा नगरपालिका, सोरु, खत्याड र मुगुम कार्मारोङ गाउँपालिकामा वडा सचिवको अभाव छ। कर्मचारी नहुँदा स्थानीय तहबाट प्रवाह हुने सेवा प्रभावित भइरहेको छ।'

गाउँपालिकाका नौ वडामा तीन जना मात्र वडा सचिव छन्। एउटै सचिवले दुईदेखि तीन वटासम्म वडा हेर्नुपर्ने अवस्था रहेको मुगुम कार्मारोङ गाउँपालिका-२ का वडाध्यक्ष च्याबा लामा पनि बताउनुहुन्छ। सचिव नपुगेका वडामा कृषि प्राविधिकलाई समेत वडा सचिवको जिम्मेवारी दिइएको उहाँले बताउनुभयो।

११ वटा वडामा तीन जना मात्र वडा सचिव रहेका सोरु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र मल्ल बताउनुहुन्छ। वडा नं. ७ मा स्वास्थ्य शाखाका कर्मचारी र वडा नं. १ मा पशु शाखाका कर्मचारीले वडा सचिवको कामसमेत गर्दै आएका छन्।

६ महिनाअघिसम्म गाउँपालिकाका ११ वटै वडामा वडा सचिव थिए। प्रदेश सरकारले सबै वडा सचिवको सरुवा गरेपछि अहिले चार जना मात्र कार्यरत छन्। सचिव नभएका वडाको काम स्वास्थ्य तथा पशु स्वास्थ्य शाखाका कर्मचारीमार्फत सञ्चालन भइरहेको खत्याड गाउँपालिकाका अध्यक्ष अजयबहादुर शाही बताउनुहुन्छ।

वडा सचिव वडा कार्यालयको प्रशासनिक प्रमुख भएकाले व्यक्तिगत घटना दर्ता तथा पञ्जीकरण, विकास निर्माणको अनुगमन, स्थलगत सर्जमिन मुचुल्का, वडास्तरीय योजना छनोट तथा कार्यान्वयनलगायतका महत्त्वपूर्ण काम गर्नुपर्ने हुन्छ। त्यसैले सचिवको अभाव हुँदा सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहका लागि आवश्यक जनशक्ति प्रदेश लोक सेवा आयोगमार्फत पूर्ति गर्ने व्यवस्था गरेको छ। स्थानीय तहले आवश्यक कर्मचारी माग गर्दै आए पनि मागअनुसार पदपूर्ति हुन नसक्दा दुर्गम क्षेत्रका स्थानीय तहमा कर्मचारी अभाव कायमै रहेको छायाँनाथ रारा नगरपालिका-२ का वडाध्यक्ष प्रयोगराज चौलागाईंले बताउनुभयो।

Government of Gandaki Province
Ministry of Physical Infrastructure Development and Transport Management
**Infrastructure Development Office, Kaski**

**Invitation for Bids**

**Date of Publication: 2083-05-30 (15th September, 2026)**

1. The Infrastructure Development Office, Kaski invites *Sealed bids (Hard Copy only)* for Construction of following works under NCB Procedures. All eligible bidders are requested to submit bid with the required documents within the mentioned period as stated below.

| S. N. | Description of Work | IFB No. | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Estimated Amount (With PS and without VAT and Contingencies) (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Combined Package of (i) Construction of Hemja Serapul to Kaskikot Road, Pokhara-25, Kaski, (ii) Upgrading of Furketari Marga Road, Pokhara-25, Kaski and (iii) Construction of Hemja Babbiyatara Bhunpure Lamachaur Road, Pokhara-25, Kaski | IDOKASKI/NCB/W/R/201/2083-084 | 220,000.00 | 3000.00 | 8,628,718.14 |
| 2 | Combined Package of (i) Upgrading of Ghamnung to Salghari Hareswanra Pokharakhet Hudai Yangjakot Jane Road, Madi 3 and 4, Kaski, (ii) Upgrading of Sitaram Marga Kahuledekhi Majhpokhari Sadak, Madi-4, Kaski, (iii) Upgrading of Adherikhola Upallo Keurani Road, Madi, Kaski and (iv) Upgrading of Y Chowk Eidi Deurali Road, Madi-4, Kaski | IDOKASKI/NCB/W/R/202/2083-084 | 220,000.00 | 3000.00 | 8,612,888.13 |
| 3 | Upgrading of nagdanda dhadkhola sadak, Annapurna-02, Kaski | IDOKASKI/NCB/W/R/301/2083-084 | 110,000.00 | 3000.00 | 4,314,477.15 |
| 4 | Combined Package of (i) Chhorepatan Old Bar Chautari to Kairi Chautari via Ward No. 17 Boundary, Kaski, (ii) Jhauri Chautari to Shanti Tole Road Upgrading, Pokhara-17, Simaltunda, Kaski and (iii) Sabhyata Tole Inner Road Upgrading, Pokhara-17, Kaski | IDOKASKI/NCB/W/R/401/2083-084 | 200,000.00 | 3000.00 | 7,761,417.67 |
| 5 | Combined Package of Sarvodaya Marg (Street No. 16) Road Upgrading, Pokhara-33, Kaski & Sarvodaya Marg, Bharatpokhari, Kaski | IDOKASKI/NCB/W/R/402/2083-084 | 110,000.00 | 3000.00 | 4,317,409.95 |
| 6 | Combined Package of (i) Upgrading of Aadarshabasti Udbir Chautaradekhi Dhwang ko Muhansamma, Pokhara-18, Kaski and (ii) Upgrading of Methlang Jarebar Sadak, Pokhara-18, Kaski | IDOKASKI/NCB/W/R/403/2083-084 | 110,000.00 | 3000.00 | 4,314,191.02 |
| 7 | Combined Package of (i) Upgrading of Barang Nagthan Pipaldali Hudai Makwanpur Jani Bato, Pokhara-23 and (ii) Upgrading of Khalte Pahiro Dekhi Bagh ko Khor Samma Sadak, Pokhara-23, Kaski | IDOKASKI/NCB/W/R/501/2083-084 | 110,000.00 | 3000.00 | 4,312,633.52 |
| 8 | Combined Package of (i) Upgrading of Ghatichina Simpani Herpan Sadak khanda, Pokhara-23, Kaski and (ii) Upgrading of Resamdada padherakhalta Samiko Rukh Sadak, Pokhara-23 Harpan | IDOKASKI/NCB/W/R/502/2083-084 | 110,000.00 | 3000.00 | 4,309,687.41 |
| 9 | Combined Package of (i) Upgrading of Kamle Khoriya Krishi Sadak, Pokhara-23, Kaski and (ii) Upgrading of Kudhari Dekhi Ghaderisammsa Sadak, Pokhara-23 | IDOKASKI/NCB/W/R/503/2083-084 | 110,000.00 | 3000.00 | 4,306,706.36 |
| 10 | Upgradation of Khadko Vuisarne Motorbato, Pokhara-22, Kaski | IDOKASKI/NCB/W/R/504/2083-084 | 110,000.00 | 3000.00 | 4,321,339.51 |
| 11 | Combined Package of (i) Upgradation of road from Bhurjungkhola to Khadarjung Ghalekhark Machhapuchhre 2, Kaski and (ii) Upgradation of road from Patan to Chintebaur Maranghat Machhapuchhre 2, Kaski | IDOKASKI/NCB/W/R/601/2083-084 | 110,000.00 | 3000.00 | 4,319,743.46 |
| 12 | Combined Package of (i) Upgradation of Road from Sharadachowk to Purano Khair Machhapuchhre 1 and (ii) Upgradation of Road from Upallo Sahuthar to Tinghare Machhapuchhre Ga.Pa 4, Kaski | IDOKASKI/NCB/W/R/602/2083-084 | 110,000.00 | 3000.00 | 4,320,282.18 |
| 13 | Combined Package of (i) Upgrading of Purankuna Road, Pokhara-27, Kaski and (ii) Upgradation of road from Dadakonak to Thulipokhari, Pokhara- 27 Kaski | IDOKASKI/NCB/W/R/603/2083-084 | 110,000.00 | 3000.00 | 4,318,264.66 |

2. Information regarding Pre-bid, Bid Purchase, Bid Submission and Bid Opening date and time:

| Pre-bid Meeting Date and Time | Last Date and Time for Bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|---|
| 2083/06/09 (Sept. 25, 2026), 13:00 Hours | 2083/06/19 (October 06, 2026), within office time. | 2083/06/20 (October 06, 2026), 12:00 Hours | 2083/06/20 (October 06, 2026), 13:00 Hours |

3. Information regarding Bid Document Purchase and Bid Security Fee:

| Description | Cash Deposit for Bid Document Purchase | Bid Security |
|---|---|---|
| Bank | Rastriya Banijya Bank Limited, Prithvi Chowk, Pokhara | Rastriya Banijya Bank Limited, Prithvi Chowk, Pokhara |
| Account Name | Infrastructure Development Office, Kaski | Province Financial Comptroller Office, Pokhara |
| Account Number | 1000100200010000 | 3020100202030000 |
| Office Code | 3370139024 | 3370139024 |
| Revenue Head | 14229 | |

4. For further information:- Phone: 9856027721, 9851109003, Email: idokaski2075@gmail.com, Website: https://idokaski.gandaki.gov.np/

**नेपाल रियलइस्टेट होल्डिङ्स लिमिटेडको**

**संसोधित सूचना**

यस नेपाल रियलइस्टेट होल्डिङ्स लि. को मिति २०८३/०५/१५ गते प्रकाशित वार्षिक साधारण सभा सम्बन्धी सूचनाको छलफलका विषयहरु मध्ये सि. नं ५ मा उल्लेखित शव्दहरुमा अन्यथा हुन गएकोले देहाय बमोजिमका शब्दहरु राखी संसोधन गरि यो सूचना प्रकाशित गरिएको छ ।

५. कम्पनीको प्रबन्धपत्रको दफा ४ र ५ मा उल्लेखित कम्पनीको उद्देश्य तथा कार्यहरुमा संलग्न तिन महले बमोजिमका व्यवस्थाहरु थप/संसोधन गर्न विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने साथै साधारण सभाबाट पारित कम्पनीको दफा ४ र ५ मा संसोधित व्यवस्था उपर नियमनकारी निकायबाट थपघट गर्ने निर्देशन प्राप्त भएमा सो निर्देशन अनुसार थपघट गर्ने सम्बन्धी सम्पूर्ण अधिकार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

बल बहादुर थापाकी बुहारी, टेक बहादुर ठाडा थापाकी छोरी, टेक बहादुर थापाकी पत्नी, कर्णाली प्रदेश दैलेख जिल्ला साविक कालभैरव गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल दैलेख जिल्ला साविक कालभैरव गा.वि.स. वडा नं. ०८ बस्ने **श्रीमती तुल्सी थापा मगर**ले यस शाखामा पेन्सन खाता नं.२०८१५२४०३००५६० संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०७/०५ मा निज खातावाला श्रीमती तुल्सी थापा मगरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरी नाता पर्ने **श्रीमती मिना थापा**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज मृतक **श्रीमती तुल्सी थापा मगर**को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको **सुर्खेत शाखा**मा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
शाखा कार्यालय, सुर्खेत, फोन नं. ०८३-५२४६४९

**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्री गया प्रसाद श्रेष्ठको नाति, श्री लाल प्रसाद श्रेष्ठका छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भएका श्री द्वारिका प्रसाद श्रेष्ठको मिति वि.सं. २०८३/०१/१९ का दिन मृत्यु भएकोले निजको यस बैंकमा रहेको बचत खाता नं. ०३५०१०८१००००१४२ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमती सिता श्रेष्ठले मिति २०८३/०५/१६ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सानिमा बैंक
www.sanimabank.com
धरान शाखा, सुनसरी, फोन : ०२५-५७२८६८/२०५४
ईमेल : dharan@sanimabank.com

# पारिवारिक द्वन्द्वदेखि

## आमाको ममतासम्म झिंगे दाउ



दाजुभाइको सम्बन्ध, देउरानी-जेठानीको द्वन्द्व र आमाको ममताबीच सन्तानको प्रेम तथा आमा खोज्ने कथालाई प्रस्तुत गरिएको फिल्म *झिंगे दाउ* २ को ट्रेलर सार्वजनिक गरिएको छ। आगामी शुक्रवार रिलिजमा आउने फिल्मको ट्रेलरले पारिवारिक सम्बन्धभित्रका विविध भावनात्मक पक्ष प्रस्तुत गरेको छ।

सार्वजनिक ट्रेलरमा दाजुभाइ तथा देउरानी-जेठानीबीचको झगडासँगै आमाको ममता, सन्तानको प्रेम र आमा खोज्ने विषयलाई मुख्य रूपमा प्रस्तुत गरिएको छ। पारिवारिक सम्बन्धमा आउने उतारचढाव र त्यसले निम्त्याउने परिस्थितिलाई ट्रेलरमा भावनात्मक रूपमा प्रस्तुत गरिएको छ। कपनगढी सिनेमा प्रालि र फिल्म क्रिउ नेपाल प्रालिको ब्यानरमा सुलभ प्रतीक देउजा र समीक्षा देउजाद्वारा निर्मित फिल्म ज्ञानेन्द्र देउजाले निर्देशन गरेका छन्। रोशनी अधिकारी देउजा र नीतु श्रेष्ठ देउजा सह-निर्माता रहेको फिल्ममा महेश त्रिपाठी, कुशल विष्ट, आर्यन सिग्देल, केकी अधिकारी, आँचल शर्मा, हिउँवाला गौतम, सरोज खनाल, वसुन्धरा भुसाल, चैत्यदेवी सिंह, संगम भण्डारी, विजय देउजा, अंशु महर्जन, अभयराज बराल, उत्तम केसी, आशा भुसाललगायतका कलाकारले अभिनय गरेका छन्।

*झिँगे दाउ*को व्यापारिक सफलतापछि तयार पारिएको *झिँगे दाउ* २ मा परिच्छेद सेनको पटकथा र संवाद, गोविन्दु फुयाँल र शिशिर चालिसेको लेखन, अर्जुन पोखरेलको संगीत, रोशन श्रेष्ठको एक्सन, विष्णु घिमिरे 'कल्पित' को डीओपी र मित्र डी गुरुङको सम्पादन रेको छ। यसअघि नै फिल्मको *जेठानी भर्सेस* देउरानी बोलको तीज ब्याटल गीतले लोकप्रियता कमाएको छ। युट्युब र टिकटकमा भाइरल भएको उक्त गीतले छोटो समयमै ३७ लाखभन्दा बढी भ्यूज पाइसकेको निर्माण पक्षले जनाएको छ।


## कर्मठ सामुदायिक वचत तथा ऋण सहकारी संस्था लिमिटेड

**ललितपुर, गोदावरी १०, चापागाउँ, फोन नं. ०१५२६५६६२**

**तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ (पैतिस) दिने अत्यान्त जरुरी सूचना**

**सूचना प्रकाशन मितिः २०८३/०५/३०**

यस सहकारी संस्थाबाट विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउन पर्ने साँवा ब्याज आदि नतिरी नबुझाई ऋण लिदाँका बखत गरेको कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको तथा तिर्न बुझाउन पटक पटक लिखित, मौखिक एवं सामाजिक संजालबाट तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नु भएकाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई तिर्नु पर्ने सम्पूर्ण साँवा, ब्याज आदि अविलम्ब चुक्ता गर्नु होला यदि चुक्ता गरी सकेको भए प्रमाण सहित संस्थामा उपस्थित हुनुहोला अन्यथा कालो सूचिमा समावेश गरी सहकारी ऐन २०७४, नियमावली २०७५, प्रचलित कानुन तथा ऋणी र संस्थाबिच भएको लिखत अनुसार कारबाही गरी एकाघरको चलअचल सम्पती बाट समेत संस्थाको लेना रकम तथा असुली गर्दा लाग्ने सम्पूर्ण खर्च समेत असुली गरीने ब्यहोरा सम्बन्धित सवैलाई यसै सूचना मार्फत जानकारी गरीन्छ ।

| ऋणीहरुको विवरण | ऋणीहरुको विवरण |
|---|---|
| नाम : **चन्द्र बहादुर परियार**<br>**ना.प्र.न.** : २८ ६८५८९ ल.पु २०५१/०७/०६<br>बाजे : तुलसी राम परियार<br>बुबा : गणेश बहादुर परियार<br>ठेगाना : गोदावरी न.पा.१०, चापागाउँ, ललितपुर  | नाम : **कृष्ण प्रसाद बजगाई**<br>**ना.प्र.न.** : २८ २१८२३ ल.पु २०४३/०७/०७<br>बाजे : घैयराज बजगाई<br>बुबा : गोकुल प्रसाद बजगाई<br>ठेगाना : गोदावरी न.पा.१३, झरुवारासी, ललितपुर  |



## यूरो बहुउद्धेश्यीय सहकारी संस्था लि.

**ठमेल -२६, काठमाडौ, फोन नं.: ०१-४५२२६७९, ४५४२७४९**

**अठारौं बार्षिक साधारण सभा सम्बन्धि सूचना**

आदरणीय शेयर सदस्यहरु,
यस संस्थाको संचालक समितिको मिति २०८३/०५/२२ गते बसेको २६ औं बैठकको निर्णय अनुसार यस संस्थाको अठारौं बार्षिक साधारण सभा निम्न बिषय उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितको लागी हार्दिक अनुरोध छ । साथै कुनै सदस्य महानुभावहरुलाई पत्र प्राप्त नभएमा यसै सुचनालाई आधार मानी उपस्थित भई दिनहुन हार्दिक अनुरोध छ ।

**छलफलका बिषयहरु :**

१. संस्थाको कोषाध्यक्षज्यूबाट आ.व. ०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत ।
२. आ.व. ०८३/०८४ को अनुमानित बजेट प्रस्तुत गर्ने सम्बन्धमा ।
३. आ.व. ०८२/०८३ मा संचालक समितिबाट गरिएको कार्यहरुको अनुमोदन गर्ने सम्बन्धमा ।
४. माइन्युटमा हस्ताक्षरको लागी सदस्यहरु मध्येबाट ८ जना प्रतिनिधी छनौट गर्ने सम्बन्धमा ।
५. आ.व. ०८३/०८४ को लागी लेखा परिक्षक नियुक्ती र पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. संचालक समितिको निर्वाचन सम्बन्धमा ।
७. विविध

**कार्यक्रम**

मिति : २०८३/०६।१७
समय : बिहानको १० बजे
स्थान : यात्री सुइट्स एण्ड स्पा, अमृत मार्ग, ठमेल काठमाडौं

**संचालक समितिको आज्ञाले**
**सचिव**



## हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड

HULAS FINSERV HIRE PURCHASE LTD.

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज सम्बन्धी कार्य गर्न इजाजतपत्र प्राप्त संस्था
रजिस्टर्ड कार्यालय, त्रिपुरेश्वर -११, काठमाडौं
फोन नं. ०१-५९७०७५९

**हुलास फिनसर्भ हायर पर्चेज लिमिटेडका शेयरधनी महानुभावहरूलाई विशेष साधारण सभाको सूचना ।**

**(दोस्रो पटक प्रकाशित मितिः २०८३/०५/३०)**

श्री आदरणीय शेयरधनी महानुभावहरु,
यस हुलास फिनसर्भ हायर पर्चेज लिमिटेडको मितिः २०८३/०५/०७ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रेषित गरिएको छ ।

१. **सभाको मिति, समय तथा स्थानः**
**मितिः** २०८३/०६/७ (२३ सेप्टेम्बर, २०२६)
**समयः** ३:०० बजे ।
**स्थानः** काठमाडौ जिल्ला, का.म.न.पा., वडा नं.०१ स्थित होटल याक एण्ड यति (Hotel Yak & Yeti) को सभाहलमा आयोजना हुनेछ ।

२. **सभामा छलफल हुने प्रस्तावहरुः**

**क) सामान्य प्रस्तावः**
१. स्वतन्त्र सञ्चालक नियुक्ति गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावः**
१. कम्पनी ऐन, २०६३ को दफा १०५ (१) (ख) बमोजिम चुक्ता पुँजी र सञ्चित मुनाफाको जम्मा रकम भन्दा बढी भएको कर्जा अनुमोदन गर्ने सम्बन्धमा ।
२. कम्पनी ऐन, २०६३ को दफा १०५ (१) (ख) को अनुपालनाको लागि कर्जा सिमा वृद्धि गर्ने सम्बन्धमा ।
३. कम्पनीको पुँजी वृद्दिको लागि प्रबन्धपत्रको दफा ६ को (क), (ख), (ग) र (घ) मा संसोधन गर्ने सम्बन्धमा ।
४. कम्पनीको नियमावलीको नियम ३५ र ३६ मा संसोधन गर्ने सम्बन्धमा ।
५. कम्पनी ऐन, २०६३ को दफा १०५ (१) (ग) बमोजिमको सीमा भन्दा बढी रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको साहयता रकमलाई अनुमोदन गर्ने सम्बन्धमा ।
६. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय कार्यालयले कुनै फेरबदल संशोधन पारिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुसार आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अधिकारप्रदान गर्ने सम्बन्धमा ।

**ग) विविधः**

**शेखर गोल्छा**
**सञ्चालक/अध्यक्ष**



Government of Nepal
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Irrigation and Water Resources Management Project**
**Rajapur, Bardiya**

## Invitation for Bids

**First Date of publication: 15-September-2026 (2083-05-30 B.S)**

1. Irrigation and Water Resources Management Project, Rajapur, Bardiya invites Sealed Bids (Hard copy only) from eligible bidders for the following works.

| S. N. | Contract No. | Description of works | Estimated Amount Without VAT and including PS(NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Documents (NRs.) | Bid Validity/Bid Security Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | IWRMP/AR/NCB/01/2083/084 | Construction of Embankment with Launching Apron and Slope Revetment with stud at Aurahi River, Maduwan-2, Suryapattuwa, Bardiya. | 1,69,84,959.36 | 4,25,000.00 | 3,000.00 | 90/120 |
| 2 | IWRMP/AR/NCB/02/2083/084 | Construction of Vertical Revetment with Stud at Thakurbaba-3, Godana, Bardiya | 1,19,41,073.83 | 3,00,000.00 | 3,000.00 | 90/120 |
| 3 | IWRMP/KLB/NCB/40/2083/084 | Construction of Embankment with Launching Apron and Slope Revetment with spurs and AFS at Left Bank of Karnali River, Geruwa-3, Khuteyana, Bardiya. | N A | 19,50,000.00 | 5,000.00 | 90/120 |

| Pre-Bid Meeting | Last Date & Time for Bid Purchase | Last Date & Time for Bid Submission | Date & Time for Bid Opening |
|---|---|---|---|
| Date: 2083/06/12 | Date: 2083/06/19 | Date: 2083/06/20 | Date: 2083/06/20 |
| Time: 13:00 hrs | Time: Within 17:00 hrs | Time: Within 12:00 hrs | Time: 13:00 hrs |

2. Under Single Stage: Two Envelope procedure, Bidders shall submit simultaneously two separate sealed envelopes, one containing technical bid and the other containing price bid, both enclosed in one outer sealed envelope as specified in the bidding document.
3. Information to deposit the cost of bidding documents:

| | |
|---|---|
| Name of the Bank: Rastriya Banijay Bank, Gulariya, Bardiya | Name of Office: District Treasury Controller's Office Bardiya |
| Office Code no. : 308035804 | Rajaswa (revenue) Shirshak No.: 14229 |
| Account no.: 1000100200010000 | |

4. If the last date of purchase and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
5. Bidders are strongly advised to visit the site and assess the actual site conditions and availability of material quarry sites before submitting their bids.
6. The Project reserves the right to accept or reject any or all bids without assigning any reason whatsoever.
7. In Case of discrepancies or error in bid documents, bid notice or any other document, Irrigation and Water Resources Management Project, Rajapur, Bardiya reserve the right to amend or add at any time.
8. Any Condition so far not covered in this notice shall be as per Public Procurement Act 2063 (with Amendments) and Public Procurement Regulation Rules 2064 (with Amendments).
9. The procurement intended to make through this notice may be cancelled fully or partially if the budget allocated by the Government of Nepal for the current fiscal year is withheld, reduced or cancelled.
10. Eligible Bidders may obtain further information from Irrigation and Water Resources Management Project, Rajapur, Bardiya within Office hours. (Contact Details: 084-460250, Email: krtprajapur@gmail.com)

**Project Director**



## Halesi Tuwachung Municipality

**Office of the Municipal Executive**
**Durchhim, Khotang**
**Koshi Province, Nepal**

## Invitation for Hard Bids

**First Date of Publication: 2083/05/30 (15-09-2026)**

1. The Halesi Tuwachung Municipality office, invites hard copy bids from eligible bidders for the procurement of following works under National Competitive Bidding Procedure specified in public procurement Act and Regulation.

| S. N. | Contract ID No. | Name of Project | Estimated Amount Without VAT With PS | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | HTM/Works/NCB/2083/084/No-01 | Kurle Rupatar/Dikuwa Lifting Irrigation Project | 16,730,330.11 | 501,909.00/- (Validity 120 days) | 3,000/- | 06-10-2026, 12:00 | 06-10-2026, 13:00 |
| 2 | HTM/Works/NCB/2083/084/No-02 | Shaharbote Khanepani Bistar | 4,937,137.05 | 148,114.00/- (Validity 120 days) | 3,000/- | 06-10-2026, 12:00 | 06-10-2026, 13:00 |

2. Bidder must submit tax clearance of FY: 2082/83 or evidence of time extension for FY: (2081/82).
3. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Halesi Tuwachung Municipality, Durchhim, Khotang.
4. Complete set of bidding documents may be purchased from the office of Halesi Tuwachung Municipality, Durchhim, Khotang by Eligible Bidders on the submission of a written application along with the copy of company/firm registration certificates, business registration, business renewal copy and upon payment of non-refundable bid documents fee .
5. Sealed must be submitted to the office Halesi Tuwachung Municipality, Durchhim, Khotang by hand 12:00 pm on 06 -10-2026. Bids receive after this dead line will be rejected.
6. The bid will be opened the presence of Bidder's representatives who close attend 1:00 pm on 06-10-2026 at the office of Halesi Tuwachung Municipality, Durchhim, Khotang. Bid must be valid for 90 days from the bid submission deadline and must be accompanies by the bid security which shall be valid for 30 days beyond the validity of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## सम्पादकीय

# भ्रष्टाचार मुद्दामा बढ्दो पुनरावेदन

भ्रष्टाचार नियन्त्रणका लागि अनुसन्धान गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेका मुद्दामा धमाधम सफाइ हुन थालेपछि आयोगले सर्वोच्च अदालतमा पुनरावेदन गर्ने क्रम बढेको छ। अख्तियारले अभियोजन गरेको भन्दै प्रतिवादी स्वतः दोषी हुने होइन। दोष प्रमाणित गर्ने दायित्व अभियोजन पक्षकै हुन्छ। त्यसैले विशेष अदालतले प्रमाण अपर्याप्त देखेमा सफाइ दिन सक्ने अधिकार राख्छ। विशेष अदालतले कुनै मुद्दामा सफाइ दिनु आफैंमा अस्वाभाविक होइन। तर एउटै प्रकृतिका मुद्दामा अख्तियारले पर्याप्त अनुसन्धान र प्रमाणका आधारमा अभियोजन गरेको दाबी गर्ने र विशेष अदालतले त्यसको विपरीत निर्णय गर्ने क्रम बढ्दै जानु भने गम्भीर समीक्षा गर्नुपर्ने विषय हो। पछिल्लो दुई महिनामा मात्रै १८ वटा मुद्दामा पुनरावेदन गरिएको तथ्यले नेपालको भ्रष्टाचार नियन्त्रण र न्यायिक प्रक्रियामाथि गम्भीर प्रश्न खडा गरेको छ। अझ आर्थिक वर्ष २०८२/८३ मा विशेष अदालतबाट भएका फैसलामध्ये १ सयवटा मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन गरिएको तथ्यले समस्या सामान्य प्रकृतिको नरहेको संकेत गर्छ।

अख्तियारले विशेष अदालतका फैसलाविरुद्ध सर्वोच्चमा पुनरावेदन गर्नु उसको संवैधानिक तथा कानुनी अधिकार हो। कतिपय मुद्दामा लामो समय लगाएर अनुसन्धान गरी संकलन गरिएका प्रमाणको न्यायोचित विश्लेषण नभएको र मुद्दा छिटो फर्स्योट गर्ने क्रममा अभियोगको प्रकृति तथा प्रमाणलाई पर्याप्त ध्यान नदिइएको भन्ने कथन पनि छ। कुन पक्षको दाबी सही हो भन्ने सर्वोच्च अदालतको पुनरावेदन सुनुवाइबाटै टुंगो लाग्नेछ। यस घटनाक्रमले अख्तियारका अनुसन्धान र अभियोजन कति गुणस्तरीय छन् भन्ने प्रश्न पनि उठाएको छ। विशेष अदालतबाट ठूलो संख्यामा सफाइ हुने हो भने त्यसको कारण न्यायालयको कमजोरी मात्र खोजेर पुग्दैन। अनुसन्धानका क्रममा संकलित प्रमाण, अभियोजनपत्रको कानुनी आधार, प्रतिवादीविरुद्ध प्रस्तुत तथ्य र प्रमाणबीचको सम्बन्ध तथा अभियोजनको समग्र गुणस्तर पनि उत्तिकै महत्वपूर्ण हुन्छ। अनुसन्धान बलियो छ भने अभियोजन पनि प्रमाणमुखी र न्यायालयमा परीक्षण गर्न सकिने स्तरको हुनुपर्छ। विशेष अदालतबाट पूर्ण वा आंशिक सफाइ पाएका मुद्दाहरूको ठूलो संख्या सर्वोच्चसम्म पुग्नुले न्यायालयको तहगत संरचनामा पुनरावेदनको अधिकार प्रयोग भइरहेको देखाउँछ। यो अधिकार प्रयोग गर्नु लोकतान्त्रिक न्याय प्रणालीको स्वाभाविक प्रक्रिया हो। अख्तियारले सर्वोच्चमा पुनरावेदन जित्ने दर कति छ, कुन आधारमा विशेष अदालतको फैसला उल्टिएका छन्, कति फैसला सदर भएका छन् र किन कतिपय मुद्दामा अभियोजन कमजोर साबित भएको छ ? त्यसको समीक्षा गर्नुपर्दछ।

आर्थिक वर्ष २०८२/८३ मा विशेष अदालतबाट १ सय ५६ वटा फैसला भएको र तीमध्ये ८१ वटा फैसलामा कसुर स्थापित भएको अख्तियारको तथ्यांकले अर्को तस्वीर पनि देखाउँछ। यसको अर्थ सबै मुद्दामा विशेष अदालतले अख्तियारको अभियोग अस्वीकार गरेको होइन। तर बाँकी मुद्दामा भएका सफाइ वा आंशिक सफाइका कारण के हुन् भन्नेबारे गम्भीर अध्ययन हुन आवश्यक छ। अख्तियारले अनुसन्धानमा प्रमाणको गुणस्तर र अभियोजनको कानुनी आधार बलियो बनाउनुपर्छ। विशेष अदालतले पनि भ्रष्टाचारका मुद्दामा जटिल वित्तीय तथा प्रशासनिक प्रमाणको विश्लेषण गर्दा पर्याप्त समय, विशेषज्ञता र न्यायिक विवेक प्रयोग गर्नुपर्छ। आवश्यक परे भ्रष्टाचारसम्बन्धी मुद्दाको सुनुवाइमा विशेषज्ञ सहयोग र आधुनिक वित्तीय अनुसन्धान प्रविधिको प्रयोग बढाउनुपर्छ। भ्रष्टाचारविरुद्धको लडाइँमा दोषी उम्कनु जति चिन्ताजनक हो, निर्दोष व्यक्ति अभियोजनको चपेटामा पर्नु पनि त्यत्तिकै गम्भीर विषय हो। त्यसैले लक्ष्य धेरैभन्दा धेरै मुद्दा चलाउनु वा धेरैभन्दा धेरै सजाय गराउनु होइन, प्रमाणका आधारमा वास्तविक दोषीलाई कानुनको दायरामा ल्याउनु र निर्दोषलाई न्याय दिलाउनु हो। भ्रष्टाचार नियन्त्रणमा कठोरता आवश्यक छ, तर त्यो कठोरता प्रमाण र कानुनमा आधारित हुनुपर्छ।

भोटेकोशी बाढी प्रभावित क्षेत्रको आवश्यकता :

# मनो-सामाजिक सेवा र परामर्शको निरन्तरता



बद्री तिवारी

विध्वंशकारी भोटेकोशी बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा जनधनको अपूरणीय क्षतिका कारण यतिखेर समग्र मुलुक शोकग्रस्त छ। यही भदौ १० गते अचानक आएको भोटेकोशीको विनाशकारी बाढीले जनधनको कति क्षति गर्‍यो भन्ने यकिन तथ्यांक आउन त समय लाग्ला नै, तैपनि राज्यका सम्बद्ध निकायहरूबाट अनुमानित तथ्यांक भने सार्वजनिक गरिएको अवस्था छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार रसुवा भोटेकोशी बाढीमा परी (यो लेख तयार पार्दासम्म) १ हजार ३ सय ८८ जनाको मृत्यु, ५ हजार १ सय ३० जना बेपत्ता, ७ हजार ६ सय ५५ जना घाइते तथा १३ हजार ६ सय ७६ जनाको उद्धार गरिएको छ। सो प्राधिकरणको प्रारम्भिक प्रतिवेदनअनुसार बाढीबाट ४ खर्ब ८ अर्ब रुपियाँभन्दा बढीको क्षति भएको छ भने पुनर्निर्माण तथा पुनःस्थापनाका लागि ७ खर्ब रुपियाँभन्दा बढी रकम लाग्नेछ। बाढीबाट तीर्थयात्रा हिँडेका स्वदेशी तथा विदेशी हजारौं तीर्थयात्री, पर्यटक तथा पदयात्रीहरू अहिलेसम्म बेपत्ता छन् भने स्थानीय बासिन्दा, विभिन्न सरकारी कार्यालयका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी, सुरक्षाकर्मी, जलविद्युत् आयोजनामा काम गर्ने प्राविधिक र कर्मचारीहरू, मजदुरहरू तथा सर्वसामान्य नागरिकहरू त कति हो कति, यकिन तथ्यांक छैन, किनकि परिवारका सबैलाई बाढीले बगाएपछि वडा कार्यालय, पालिका वा तथ्यांक संकलनका लागि खटाइएका टोलीलाई यथार्थ जानकारी दिने स्रोतको समेत अभाव छ। हालसम्म प्रकाशमा आएका तथ्यांकलाई अनुमानित मात्र भनिएकोले यकिन तथा आधिकारिक तथ्यांक आउन अझै समय लाग्ने देखिएको हो।

उद्धार, पुनर्निर्माण, पुनःस्थापना तथा व्यवस्थापनका लागि स्वदेश तथा विदेशबाट हालसम्म प्रधानमन्त्री राहत कोषमा १४ अर्ब रुपियाँ सहयोग संकलन भएको छ भने त्यो क्रम जारी छ। यस अकल्पनीय घटनाबाट भएको अगणित क्षतिको प्रसंगलाई अहिले यहीं नै रोकेर यस लेखमा बाँच्न सफल भएका मानिसहरूको वर्तमान अवस्थाबारे थोरै चर्चा गर्ने प्रयास गरिएको छ। कहिल्यै नसोचेको, नसुनेको र नदेखेको यस प्रकारको प्राकृतिक विपत्तिले यतिखेर भौतिक संरचना मात्र बगाएर ध्वस्त पारेको छैन, मानिसहरूको मन-मस्तिष्क पनि बगाएको छ, होसहवास उडाइदिएको छ, सपना चकनाचुर पारिदिएको छ, अझ समग्रमा भन्नुपर्दा सबैको सातो गएको छ। परिवारजन, आफन्त, इष्टमित्र तथा दाजुभाइ, दिदीबहिनी, वृद्ध बाबुआमा, साना नानी तथा बाबुहरू सबै हराएका छन्, बेपत्ता भएका छन्। घरबास छैन, पिउने पानी छैन, खेतीपाती, उद्योग, व्यापार, कलकारखाना, विद्यालय, कार्यालय, केही बाँकी छैन। कहाँ बस्ने, के खाने, कहाँ जाने ? आफ्नो व्यथा कसलाई पोख्ने, कसले सुनिदिने ? यस्तै परिस्थितिले आम नागरिकलाई किंकर्तव्यविमूढ बनाएको अवस्था छ। यस स्थितिमा उद्धारका लागि खटिएका उद्धारकर्मीहरू त प्रभावित बन्न पुगेका छन् भने घटनाबाट प्रत्यक्षरुपमा प्रभावित भएका मानिसको मानसिक अवस्था कस्तो होला ! शब्दमा वर्णन गर्न सकिँदैन।

विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष, युनिसेफलगायत संघसंस्था तथा अन्य संगठित क्षेत्रका मनोचिकित्सक, मनोवैज्ञानिक, मनोपरामर्शदाताहरूले बाढी प्रभावित क्षेत्रका मानिसमा गम्भीर मनोवैज्ञानिक संकट उत्पन्न भएको बताएका छन्। युनिसेफले बाढीपीडित बालबालिका र उनीहरूका अभिभावकको मनोसामाजिक अवस्था अत्यन्तै संवेदनशील र चिन्ताजनक रहेको टिप्पणी गरेको छ। मनोसामाजिक परामर्शदाताहरूले बाढीले भौतिक संरचना मात्र भत्काएको नभई प्रभावित क्षेत्रका मानिसको मानसिक अवस्थालाई पनि नराम्रोसँग खलबल्याएको हुनाले यस खालको संकट उत्पन्न भएको बताएका छन्। संयुक्त राष्ट्र संघीय जनसंख्या कोषका अनुसार ठूलो संख्यामा प्रजनन उमेरका र गर्भवती महिलाहरू बढी प्रभावित भएका छन्। उनीहरूलाई राखिएका अस्थायी शिविरहरूमा भीडभाड तथा गोपनीयताको अभाव, भौतिक संरचनाहरूसँगै पारिवारिक तथा सामाजिक संरचना पूरै भत्किँदा महिला र किशोरीहरूको मनोसामाजिक जोखिम बढ्दै गएकोले अवस्था चुनौतीपूर्ण बन्दै गएको हो।

> युनिसेफले बाढीपीडित बालबालिका र उनीहरूका अभिभावकको मनोसामाजिक अवस्था अत्यन्तै संवेदनशील र चिन्ताजनक रहेको टिप्पणी गरेको छ। मनोसामाजिक परामर्शदाताहरूले बाढीले भौतिक संरचना मात्र भत्काएको नभई प्रभावित क्षेत्रका मानिसको मानसिक अवस्थालाई पनि नराम्रोसँग खलबल्याएको हुनाले यस खालको संकट उत्पन्न भएको बताएका छन्।

त्यस्तै बालबालिकाको क्षेत्रमा कार्यरत अर्को राष्ट्रसंघीय निकाय युनिसेफले नेपालमा हालै आएको भोटेकोशी बाढीबाट प्रभावित बालबालिका र उनीहरूका अभिभावकहरूको मनोसामाजिक अवस्थालाई अत्यन्तै संवेदनशील मानेको छ। बाढीपीडितको अवस्था हाल अत्यन्त चिन्ताजनक रहेको टिप्पणी गर्दै मनोसामाजिक सहयोग तत्कालको राहतमा सीमित गर्न नहुने पक्षमा जोड दिएको छ। स्थानीय स्तरमा यस्तो सहयोग दीर्घकालसम्म गर्ने व्यवस्था राज्यले गर्नुपर्ने हुन्छ।

क्षणभरमै आफ्नो परिवारका सदस्यहरू गुमाउनुपरेको, घरबार केही पनि बाँकी नरहँदा विस्थापित हुनुपरेको, खानपान, बसाइ, आधारभूत आवश्यकताको अभावजस्ता विविध कारणबाट पीडितहरू थप पीडित बन्न पुगेका छन्। रसुवादेखि धादिङसम्मका प्रभावित क्षेत्रका पीडितहरूको उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, विभिन्न संघसंस्था, समूह तथा व्यक्तिगतरुपमा खटिएका उद्धारकर्मीहरूले आ-आफ्नो स्थानबाट सहयोगका लागि भरमग्दुर प्रयास त गरिरहेका छन् तर आवश्यकतानुसार पर्याप्त हुन सकिरहेको छैन। सडक तथा पुल भत्किएका तर मर्मत हुन बाँकी रहेका स्थानमा उद्धारकर्मीहरू पनि पुग्न नसकेको अवस्था छ।

उद्धारका लागि खटिएका टोलीमा संलग्न मनोपरामर्शदाताहरूका अनुसार बाढीपीडितहरूमध्ये पनि महिला र बालबालिकाको मानसिक स्वास्थ्यमा नकारात्मक असर परेको छ। होल्डिङ सेन्टरमा रहेका तथा बाहिर नै अव्यवस्थित रुपमा बस्न बाध्य पीडितहरूमध्ये अधिकांशको अवस्था असामान्य रहेको छ। रुने, कराउने, झस्किने, टोलाउने, निदाउन नसक्ने, फेरि बाढी आउने हो कि भनेर डराउने, पानी देखेपछि आत्तिनेजस्ता विभिन्न लक्षण उनीहरूमा देखिएकोले त्यस्तो अवस्थालाई सामान्यीकरण गर्ने तथा उपचार गर्ने कार्य चुनौतीपूर्ण बनेको छ। यस्तो अवस्थामा विभिन्न सञ्चारमाध्यममा आबद्ध सञ्चारकर्मी तथा असंगठित क्षेत्रका व्यक्तिहरूले रिपोर्टिङका क्रममा आउने व्यक्तिहरूले स्थलगत रिर्पोटिङका न्यूनतम आचारसंहितालाई पनि उल्लंघन गर्दै बाढीपीडितलाई बोल्न बाध्य पार्ने, अनावश्यक प्रश्नहरू बारम्बार सोधिरहने तथा घटनाबाट पुगेको क्षतिलाई सम्झाउन लगाउनेजस्ता गतिविधिबाट पीडितहरू थप पीडित बन्नुपरेको छ। त्यसकारण यस्ता गतिविधि तत्काल बन्द गर्नुपर्ने माग उठ्दै आएको छ। यस्तै अवस्थालाई ध्यानमा राखी रसुवाको उत्तरगया गाउँपालिकाले बाढीपीडित बालबालिकासँग सञ्चारमाध्यमलाई जथाभावी कुराकानी गर्न र फोटो तथा भिडियो बनाउन रोक लगाएको समाचार प्रकाशमा आएको छ। सो गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्यालका अनुसार बाढीपछि कतिपय बालबालिका डराउने, कराउने तथा छिन्-छिन्मा उनीहरूले असामान्य व्यवहार देखाउने गरेका छन्। यस्तो अवस्थामा एउटै घटनाबारे पटक-पटक प्रश्न गर्दा उनीहरूको मानसिक अवस्था झन् प्रभावित हुने भएकोले बालबालिकासँग अन्तरवार्ता लिन तथा फोटो खिच्न प्रतिबन्ध लगाइएको हो। निश्चय नै यस खालको संवेदनशील अवस्थामा आधिकारिक निकायबाट अनुगमन तथा आवश्यकतानुसार नियन्त्रण गर्नु विवेकपूर्ण कदम मानिनेछ। यसरी गम्भीर रुपमा प्रभावित भएका मानिसलाई घटनाको विवरण पटक-पटक सुनाउन बाध्य पार्नुको साटो सुरक्षित वातावरण, परिवारको साथ, नियमित दिनचर्या र आवश्यकतानुसार मनोचिकित्सकीय परामर्श उपलब्ध गराउनुपर्ने धारणा मनोचिकित्सक डा. कुशल खरेलको छ।

वरिष्ठ मनोविद् एवं त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनरत पदमराज जोशी पनि विपद् प्रभावित मानिसहरूलाई प्रश्न सोधिरहने वा उनीहरूका बाध्यता वा पीडालाई भन्न कर लगाउने काम गर्न नहुने धारणा व्यक्त गर्नुहुन्छ। उहाँ मनोपरामर्शदाताहरू त प्रशिक्षित नै हुन्छन् तर उनीहरूबाहेकका व्यक्तिहरूलाई जथाभावी प्रश्न गर्न दिनुहुँदैन भन्नुहुन्छ। यो पंक्तिकारसँग कुरा गर्दै मनोविद् जोशी भन्नुहुन्छ- उद्धारमा खटिने व्यक्तिहरूले कम्तीमा मनोवैज्ञानिक प्राथमिक उपचार/सहयोग (पीएफए) को मूल भावनालाई समेटेर सरल व्यवहार गर्न सकियो भने त्यो नै सकारात्मक पक्ष हो। प्राकृतिक विपत्ति भनेको केवल घर, सडक वा सम्पत्ति नष्ट हुनु होइन, यो व्यक्तिको 'म सुरक्षित छु' भन्ने आधारभूत अनुभूतिमा परेको ठूलो आघात हो। त्यसैले प्रकोप प्रभावित व्यक्तिलाई जबर्जस्ती घटना सुनाउन लगाउनुहुँदैन, उनीहरूलाई बारम्बार सोधेर थप विस्तारमा भन्न लगाउनुहुँदैन, अनावश्यक रुपमा उनीहरूको मनलाई झन् कमलो बनाउने खालका सहानभूतिजन्य शब्द पनि प्रयोग गर्नुहुँदैन। बरु उनीहरू स्वतन्त्र रुपमा जे व्यक्त गर्दछन्, त्यो सुन्नुपर्दछ। पीडितलाई सहयोग गर्ने तर नियन्त्रण नगर्ने, साथ दिने तर जबर्जस्ती परामर्श नगर्ने नै पीएफएको मुख्य सन्देश हो। किनकि भौतिक पुनर्निर्माणसँगै मानसिक पुनर्निर्माण पनि योजनाबद्ध रुपमा अघि बढाउन यस्ता सामान्य देखिने तर गम्भीर विषयहरूलाई विशेष ध्यान दिनु जरुरी छ। वर्तमान अवस्थामा बाढी प्रभावित क्षेत्रहरूमा पहिलो चरणमा पीएफए अर्थात् प्रभावित व्यक्तिहरूको स्थायी रुपमा बस्ने तथा खाने व्यवस्था भएपछि दोस्रो चरणमा परामर्श सेवा प्रदान गर्नुपर्दछ र यसले निरन्तरता पाउनुपर्दछ।

मनोविद् जोशीका अनुसार यतिखेर राष्ट्रिय मनोविमर्शकर्ता महासंघअन्तर्गत एक सयभन्दा बढी मनोसामाजिक सहयोगका लागि खटिएका छन्। प्रलयकारी बाढी प्रभावित क्षेत्रमा ५० हजारभन्दा बढी प्रभावित बनेका छन् भने देशका धेरै जिल्लाका व्यक्तिहरू बाढीमा परेकाले सबैतिर यसको गम्भीर असर परेको छ। त्रिवि, पद्मकन्या क्याम्पस, त्रिचन्द्र क्याम्पसलगायत शिक्षण संस्थाहरूबाट मनोविज्ञान विषयमा स्नातकोत्तर अध्ययन गरिरहेका विद्यार्थीले रसुवा र नुवाकोटका प्रभावित स्थानमा प्रारम्भिक सेवा पुर्‍याएका थिए।

डब्लुएचओले पनि पहिलो चरणमा पीएफए अर्थात् खाना, पानी, औषधि र त्रिपालको व्यवस्था गरी उद्धार गर्ने र दोस्रो चरणमा मनोसामाजिक परामर्शलाई पनि पुनःस्थापनाको अभिन्न हिस्सा बनाउनुपर्नेमा जोड दिएको छ। युनिसेफलगायतका संस्थाले पनि भौतिक संरचनाको पुनर्निर्माणसँगै मानसिक स्वास्थ्यलाई पनि ठीक अवस्थामा फर्काउन विशेष प्राथमिकता दिनु आवश्यक छ। यसका लागि आवश्यक पर्ने मनावैज्ञानिक, मनोचिकित्सक, मनोपरामर्शदातालगायत आवश्यक जनशक्तिको व्यवस्थापन गर्न राज्यका सम्बद्ध निकायले त्रिविलगायतका विश्वविद्यालयहरू तथा सम्बद्ध अस्पतालहरूसँग सहकार्य गर्न सक्छ।

badript@gmail.com

# सांस्कृतिक पर्व तीजको सार्थकता र मौलिकता जोगाउने चुनौती



निशा चौधरी

हिजो तीजको विशेष पर्व। धार्मिक दृष्टिकोणमा तीज भनेको नारीहरूको सौभाग्य र समृद्धिका निमित्त शिव र पार्वतीको उपासना र पूजा गर्ने ऐतिहासिक पर्व हो। प्रत्येक वर्षको भाद्र शुक्ल तृतीयाको दिन यो पर्व पर्दछ। यसलाई हरितालिका तीज भनिन्छ। यस दिनलाई तीज पर्वको दोस्रो महत्वपूर्ण दिनको रुपमा समेत लिइन्छ।

धार्मिक दृष्टिकोणले तीजको ठूलो महत्व छ। तीज भनेको नारीहरूको सौभाग्य र समृद्धिका निमित्त शिव र पार्वतीको उपासना र पूजा गर्ने ऐतिहासिक र सांस्कृतिक पर्व हो। धार्मिक परम्पराअनुसार हिमालय पर्वतकी छोरी पार्वतीको सानै उमेरदेखि महादेवसँग गहिरो प्रेम थियो। हिमालय पर्वतले विष्णुलाई छोरी कन्यादान दिन तयार भएको पार्वतीले थाहा पाएर उनी भागेर जंगल गइन्। त्यहाँ महादेवको तपस्या गरिन्। यसकै परिणाम छोरीको पति रोज्ने चाहनालाई बाबु हिमालय पर्वतले स्वीकार गर्नुपर्‍यो। यही ऐतिहासिक कथाको आधारमा तीज मान्ने गरिन्छ। यस पर्वका मुख्य दिनहरूमा दर खाने दिन, हरितालिका तीज, गणेश चतुर्थी र ऋषि पञ्चमीलाई लिइन्छ।

यो पर्व खानपिन, व्रत, उपवास र स्नानका साथै सप्तऋषिहरूको पूजा अर्चनामा केन्द्रित रहेको पाइन्छ। मिष्ठान्न भोजन, नाच, गान, नयाँ वस्त्र, गरगहना, विभिन्न पहिरनलगायतका विषयले बाहिरी रौनकता बढाएर यसको प्रभावकारितालाई उत्कर्षमा पुर्‍याएको पाइन्छ। हाम्रो परम्परामा बिहे भएर पराई घर गएपछि चेलीहरूलाई गरेका व्यवहार, भोग्नुपरेका दुःख, कष्ट, नन्द, आमाजू, देवर र सासूको बुहार्तनका पीडाहरू उकुसमुकुस भएर रहेका हुन्छन्। दिदीबहिनीहरू जम्मा भएर माइतीको घर-आँगनमा यस्ता आफ्ना मनका पीडाहरू गीतमार्फत व्यक्त गर्ने पर्वसमेत हो तीज।

तीज हिन्दू नारीको महान् चाड हो। हिन्दू नारीहरूले यस चाडलाई महत्वपूर्ण पर्वको रुपमा मान्ने गर्दछन्। घरको कामले हैरान परेका, माइत जान नपाएका चेलीहरू तीजको निहुँले भए पनि माइत जान्छन् र आफ्ना पुराना साथीसंगीसँग भेटघाट गर्ने, दर खाने र अर्को दिन भगवान् शिवको पूजा आराधना गर्नुका साथै आफूमा भएका वेदना मेटाउने खालका गीत गाउने, नाचगान, मनोरञ्जन गरेर भव्य तरिकाले तीज मनाउने परम्परा रही आएको छ।

पहिलेका तीजका गीतमा दुःख-वेदनाका भाव झल्कन्थे। माइतबाट कोही लिन नआएको, घाँस, दाउरा बोकेर बसेको, माइती लिन आउलान् भन्दाभन्दै तीज गएको जस्ता कुराहरू मिसाएर गीतका शैली हालेर गाउने गरिन्थ्यो। त्यो बेलाका गीतहरू धुरुधुरु रुने, रुवाउने शैलीमा गाइएका हुन्थे। पहिला-पहिला माइतीको आँगनीमा नाच बरिलै, तीजको रहर आयो बरिलै जस्ता भावना भएका गीतहरू गाउने गरिन्थ्यो। पहिले-पहिले रेडियो टेलिभिजनले पनि यस्तै खालका गीतहरू बढी मात्रामा बजाउने गर्दथे। गायकले भन्दा पनि बढी गायिकाले भाका हालेर तीजका गीत गाएको सुन्न पाइन्थ्यो।

अहिले तीजका गीतमा व्यापक परिवर्तन आएको पाइन्छ। तीजका गीतलाई फेसनका रुपमा लिन थालिएको छ। तीज भन्नेबित्तिकै रातो सारी लगाएर छमछम माइतीको आँगनीमा नाच्ने भन्ने परम्परा बिस्तारै हराउँदै गएको छ। अहिलेका तीज गीतका शब्दहरूमा अश्लीलताले बढी प्राथमिकता पाउन थालेको छ। गायक-गायिकालाई समेत यस्तै गीत गाउँदा भाइरल भइन्छ भन्ने परेको छ। तीजका गीतमा संस्कृतिभन्दा पनि छाडापन मौलाएको छ। यसकै असरले तीजका मौलिक गीतहरू बिस्तारै लोप हुने अवस्थामा पुगेका छन्। दुई-तीन दिन मनाउने तीजलाई महिना दिनअगावैदेखि दर खाने चलन विकृतिको रुपमा बढिरहेको छ। पश्चिमा संस्कृतिको प्रभाव र बढ्दो आधुनिकीकरणले महिलाले भोगेका वेदना र समस्यालाई अभिव्यक्त गर्ने माध्यम बनेको महिलाको तीज पर्वमा अहिले आधुनिक गीत र संगीतमा रमाउन थालेका छन्।

यसै गरी तीजका बेला नेपाली नारीले माइतीको घरमा भन्दा पनि पार्टी प्यालेस, रेस्टुरेन्ट, दोहोरीसाँझमा अनावश्यक खर्च तडकभडक, धनदौलतको प्रदर्शन गर्न थालेका छन्। विगत केही वर्षदेखि यस्ता ठाउँ रोज्ने क्रम बढेको छ। विगतका तीजमा दरको रूपमा शुद्ध शाकाहारी भोजन ग्रहण गरेर निरहार व्रत बस्ने चलन थियो तर अहिले यो परम्परामा विकृति थपिँदै गएको छ। दर खाने नाममा माछामासुका साथै मादक पदार्थको पनि प्रयोग यदाकदा हुन थालेको छ। दर खाने नाममा आफ्नो शरीरले धान्ने भन्दा बढी मात्रामा खानेकुरा खाँदा कति महिला बिरामीसमेत पर्ने गरेका छन्। अस्वस्थकर खानपानले समेत तीजको व्रतलाई प्रभावित पार्न थालेको छ।

नाच्नु-गाउनु आफैंमा संस्कृति र सभ्यताको प्रतिविम्ब हो। मनस्थिति उत्साहित बनाउनु जीवनको आवश्यकता हो। तर आफूसँग भएको साधन लुकाएर, आफूसँग छैन भने खोज्न हिँडेर, तीज मनाइएन भने अरुले के भन्लान् भन्ने लोकाचारका नाममा अनावश्यक संकोच, सरम र हीनताबोध मान्नु आफैंमा राम्रो होइन। मानवीय दर्शनको मान्यता छ, हरेक मानिस अध्यात्मवादी पनि हुन्छ। किनकि ऊसँग बुद्धिका साथै विवेक पनि छ। धर्मको सार्थकता भनेको मानिसको मनस्थितिलाई सकारात्मक र सिर्जनशील बनाउँदै एउटा शिष्ट र सामाजिक अनुशासनयुक्त जीवन दिनुमा छ। धर्मको देनमै आउँछन् चार्डपर्वहरू, जसका आधारमा मौलिक संस्कृति विकसित हुन्छ। यिनीहरूको सही अर्थ लगाउँदा चार्डपर्वले उत्प्रेरणा र सिर्जनशीलता बढाउँछन्। गलत अर्थ लगाएर अमल गर्दा मानिस धर्मपीडित हुनसक्छ भन्ने कुरालाई समेत हेक्का राखेर सबैको साझा पर्व तीज मनाउनुपर्छ।

मानिस जति आधुनिक भए पनि उसले पाएको संस्कार एवं संस्कृति छोड्न सक्दैन। हिन्दू समुदायले मनाउने तीज पर्वलाई अहिले अन्य जातिले पनि देखासिकी गरी मनाउन थालेको पाइन्छ। यसलाई सकारात्मक रुपमा नै लिनुपर्छ। परिवार, साथीभाइ जमघट, घुमघाम, नाचगान गर्ने तीज पर्वको अर्को विशेषता पनि हो। तीजमा गीत संगीतको विशेष महत्व रहन्छ। पहिला महिलाहरू समूहमा भेला भई मादलको तालमा गीत गाएर नाच्ने गर्दथे भने अहिले विद्युतीय उपकरण र साधनको सहायतामा साउन्ड स्पीकरमा आफूलाई मन परेका आधुनिक शैलीका तीजका गीत बजाएर नाच्ने प्रचलन गाउँदेखि शहरसम्म फैलिँदै गएको देख्न पाइन्छ।

समग्ररूपमा नेपाली समाज र अहिलेको पुस्ता देखासिकी र तडकभडकतर्फ उन्मुख हुन थालेको छ। यो कुराको प्रभाव अरू चाडपर्वभन्दा तीजमा धेरै देखिन्छ। हुनेखानेले पुरानो लुगा र गहनाभन्दा तीज पर्वमा फरक लगाउनुपर्ने के बाध्यता छ, अरूको नक्कल गर्नुपर्ने किन हुन्छ ? आवश्यकभन्दा धेरै भोजभतेर गर्नुपर्ने किन ? यी विषयमा हामीले ध्यान दिनु जरुरी छ। हरेक पर्व र संस्कृतिसँग आर्थिक पक्ष जोडिएको हुन्छ। तीज पनि आर्थिक पक्षबाट अलग हुन सक्दैन। फेसन, गरगहना र भोजभतेरको सन्दर्भ हेर्ने हो भने अहिले तीज सबैभन्दा महँगो पर्वको रुपमा दर्ज हुन थालेको छ।

यसै गरी हरितालिका तीज केवल व्रत, पूजा, दर, नाचगान र रमाइलो गर्ने पर्व मात्र होइन- यो नेपाली नारीको आस्था, आत्मसम्मान, संघर्ष, पीडा र स्वतन्त्र अभिव्यक्तिसँग जोडिएको जीवन्त सांस्कृतिक विरासत पनि हो। पार्वतीको दृढ संकल्प र तपस्यासँग जोडिएको तीजको धार्मिक पक्षले नारीको इच्छा, साहस र आफ्नो जीवनसाथी रोज्ने अधिकारको प्रतीकात्मक सन्देश दिन्छ भने तीजका मौलिक गीतहरूले पुस्तौंदेखि महिलाले भोग्दै आएका दुःख, पीडा, विभेद र सामाजिक विसंगतिलाई आवाज दिँदै आएका छन्। तीजको वास्तविक सौन्दर्य यसको बाहिरी तडकभडकमा होइन, यसको अन्तरनिहित भावना, आत्मीयता, सहअस्तित्व र सांस्कृतिक मौलिकतामा छ। समय परिवर्तनसँगै पर्व मनाउने शैली परिवर्तन हुनु स्वाभाविक हो। आधुनिकता, प्रविधि, नयाँ पुस्ताको रुचि र सामाजिक परिवर्तनलाई अस्वीकार गरेर तीजको संरक्षण सम्भव छैन। तर आधुनिकताको नाममा अश्लीलता, अनावश्यक खर्च, देखासिकी, धन-सम्पत्तिको प्रदर्शन, अस्वस्थ खानपान र सांस्कृतिक विकृतिलाई प्रश्रय दिनु पनि तीजको मर्म होइन। तीजलाई कसले कति महँगो कपडा लगायो, कति ठूलो भोज गर्‍यो वा कति भव्य कार्यक्रम गर्‍यो भन्ने प्रतिस्पर्धाको पर्व बनाउनुको सट्टा यसलाई आत्मीय भेटघाट, पारिवारिक एकता, नारी सम्मान, सामाजिक चेतना र मौलिक संस्कृतिको उत्सव बनाउनु आवश्यक छ।

अन्त्यमा, हिन्दुनारीहरूको महान् पर्व हरितालिका तीज नारी संघर्षको प्रतीक हो। यसको महत्वलाई बुझेर हाम्रो धर्म, संस्कार र संस्कृतिको मूल्य, मान्यता र तिनीहरूको मौलिकतालाई लोप हुन दिनुहुँदैन। यस पर्वमा हुर्कंदै गरेको भड्किलोपनलाई आजैबाट रोकेर यसको महत्वलाई अझै उँचो पार्दै लान सक्नुपर्दछ अनि मात्र तीज मनाउनुले सार्थकता पाउनेछ।

## १९ विद्यालय...

प्रतिकार्य योजनामा बाढी तथा पहिरोबाट शिक्षा क्षेत्रमा परेको प्रभाव बहुआयामिक भएकाले केवल क्षतिग्रस्त विद्यालयको भौतिक पुनर्निर्माणबाट मात्र शिक्षा सेवा पुन:स्थापित गर्न सम्भव नहुने उल्लेख छ।

त्यसैले प्रभावित बालबालिकालाई सुरक्षित रूपमा सिकाइमा फर्काउन तत्कालीन मानवीय प्रतिकार्य, मध्यमकालीन पुनर्बहाली तथा दीर्घकालीन सुरक्षित र उत्थानशील शिक्षा प्रणालीबिच स्पष्ट सम्बन्ध स्थापित गर्न आवश्यक रहेको उल्लेख छ। विद्यालय बन्द, विस्थापन, पहुँच अवरोध तथा आश्रयस्थलका रूपमा विद्यालय प्रयोग भएका कारण प्रभावित बालबालिकाको सिकाइमा थप क्षति हुन नदिन वैकल्पिक तथा निरन्तर सिकाइ व्यवस्था गर्नुपर्ने, क्षतिग्रस्त वा जोखिमयुक्त विद्यालयमा बालबालिकालाई फर्काउनुअघि भवन, पहुँच, खानेपानी, सरसफाइ, स्वास्थ्य, संरक्षण तथा अन्य सुरक्षापक्षको मूल्यांकन गरी सुरक्षित वातावरण सुनिश्चित गर्नुपर्ने उल्लेख छ।

पूर्ण तथा आंशिक क्षतिग्रस्त विद्यालयका लागि स्पष्ट कार्यदिशा तय गर्न तत्काल मर्मत, वैकल्पिक सिकाइस्थल, अस्थायी सिकाइ केन्द्र, स्थानान्तरण वा पुन:निर्माणमध्ये उपयुक्त विकल्प पहिचान गरी प्राथमिकता निर्धारणगर्न, विस्थापित, अभिभावकविहीन र अभिभावक सम्पर्कविहीन, हराइरहेका, अपाङ्गता भएका, विपन्न तथा अन्य जोखिममा रहेका बालबालिकाका लागि विशेष सहयोग र संरक्षण गर्न प्रतिकार्य योजना कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।

प्रभावित वा विस्थापित शिक्षकको अवस्था सम्बोधन गर्दै शिक्षक सामग्री, मनोसामाजिक सहयोग, सुरक्षित आवतजावत तथा आवश्यक क्षमता विकास सुनिश्चित गर्न, सम्भव भएसम्म विद्यालय भवनलाई शीघ्र शैक्षिक प्रयोजनमा फर्काउन वैकल्पिक आश्रयस्थलको व्यवस्था र सम्बन्धित निकायबिच समन्वय गर्न प्रतिकार्य योजना कार्यान्वयन गर्नु आवश्यक छ।

प्रतिवेदनमा सरकार, विकास साझेदार, संयुक्त राष्ट्रसङ्घ, शिक्षा क्लस्टर, तथा अन्य सहयोगी निकायहरूले एउटै प्राथमिकता, तथ्यांक र न्यूनतम प्रतिक्रिया प्याकेजका आधारमा स्रोतपरिचालन गर्न,विभिन्न साझेदारबाट सञ्चालन हुने कार्यक्रमहरूबिच भौगोलिक तथा विषयगत समन्वय गरी एउटै क्षेत्रमा अत्यधिक र अर्को क्षेत्रमा अपर्याप्त सहयोग हुने अवस्था रोक्न, र्‍यापिड एसेसमेन्ट, स्थानीय तह तथा विद्यालयबाट प्राप्त तथ्यांकलाई नियमित रूपमा अद्यावधिक र प्रमाणीकरण गरी प्रतिक्रिया, स्रोत परिचालन तथा प्रगति अनुगमनमा प्रयोग गर्न प्रतिकार्य योजना आवश्यक रहेको औँल्याइएको छ।

पुन:निर्माण वा पुन:स्थापनाका क्रममा भविष्यका बाढी, पहिरो तथा अन्य जलवायुजन्य जोखिमलाई ध्यानमा राखी सुरक्षित, समावेशी र उत्थानशील शिक्षा पूर्वाधार तथा प्रणाली विकास गर्न तत्काल योजना बनाउनुपर्ने उल्लेख छ। प्रतिवेदनमा चरणबद्धरूपमा विद्यालय खोल्ने र विद्यार्थी आउनसक्ने वातावरण बनाउनुपर्ने उल्लेख छ। ६ चरणमा पहिलो विद्यार्थीको यकिन विवरण संकलन गर्ने, दोस्रो सुरक्षित वैकल्पिक विद्यालय पहिचान, तेस्रो छात्रावास र आवास व्यवस्थापन, चौथो शिक्षक व्यवस्थापन, पाँचौं पाठ्यपुस्तक तथा स्टुडेन्टकिट र छैटौं नियमित कक्षा सञ्चालन रहेका छन्।

प्रतिवेदनको निष्कर्षमा भोटेकोशी बाढीबाट नुवाकोटको शिक्षाक्षेत्रमा परेको प्रभावमध्ये भौतिक क्षतिमा मात्र सीमित नभई सिकाइ निरन्तरता, विद्याल पहुँच, खानेपानी र शौचालय, संरक्षण, मनोसामाजिक अवस्था तथा विद्यालय व्यवस्थापनमा समेत गम्भीर प्रभाव परेको देखिन्छ। प्रारम्भिक मूल्याक्रनअनुसार नुवाकोटमा ३ हजार ८ विद्यार्थी र १७७ शिक्षक र कर्मचारी प्रभावित छन्। जिल्लामा २२७ विद्यार्थी र ११ शिक्षक र कर्मचारी बेपत्ता भएको विवरणले तत्काल समन्वित शिक्षा प्रतिक्रिया आवश्यक रहेको देखाउँछ।

धादिङमा विद्यालय भवनको क्षति व्यापक छ। केही विद्यालयमा भवन तथा सामग्री पूर्णरूपमा क्षतिग्रस्त भएका छन्। केही विद्यालयमा खानेपानी तथा विद्यालय जाने बाटो अवरुद्ध छ। केही विद्यालय जोखिमयुक्त स्थानमा रहेका छन् र केही बालबालिकाका अभिभावक बेपत्ता भएको अवस्था छ। सरकारको मूल रणनीति विद्यालय जहाँ सम्भव छ सुरक्षित रूपमा पुन: सञ्चालन गर्ने, जहाँ सम्भव छैन त्यहाँ बैकल्पिक सिकाइ स्थलमार्फत सिकाइ निरन्तरता सुनिश्चित गर्ने देखाएको छ।

स्कुलकिट, विद्यार्थीको लागि किट खानेपानी र शौचालयलगायतलाई व्यवस्थापन गर्नुपर्ने देखिएको छ। टोलीले सञ्चालन योग्य विद्यालय पुन: सञ्चालन गरिसकेको, मर्मत गर्न सकिने विद्यालयको मर्मत तीव्रगतिमा भइरहेको र स्थानान्तरण आवश्यक विद्यालयका लागि वैकल्पिक स्थान खोजी भइरहेको जनाएको छ।

रसुवामा तत्काल सबैभन्दा महत्वपूर्ण आवश्यकता विद्यालय भवन निर्माण होइन, बालबालिकालाई सुरक्षित स्थानमा पुर्‍याउने, हराइरहेका तथा विस्थापित विद्यार्थीको खोजी गर्ने, सुरक्षित स्कुल र होस्टलमार्फत सिकाइ पुन:सञ्चालन गर्ने, पाठ्यपुस्तक तथा विद्यार्थी किट उपलब्ध गराउने र तथा बाल संरक्षण सुनिश्चित गर्ने हो।

विशेषगरी पूर्णरूपमा नष्ट भएका विद्यालयका बालबालिकालाई सुरक्षित र पूर्वाधारयुक्त विद्यालयमा एकीकृत गरी शिक्षा निरन्तरता दिनु, विद्यालय परिसरमा रहेका होल्डिङ सेन्टरलाई वैकल्पिक स्थानमा सार्नु र सम्पर्क विहीन र अभिभावकविहीन बालबालिकाका लागि छुट्टै खोज तथा उद्धार मेकानिजम सञ्चालन गर्नु तत्कालको प्राथमिकता हुनुपर्ने उल्लेख छ। प्रतिवेदनले होल्डिङ सेन्टरको कारण विद्यालयमा सिकाइ अवरुद्ध हुन सक्ने भएकाले वैकल्पिक व्यवस्था गर्न स्पष्ट सिफारिस गरेको छ।

प्रतिवेदनमा तत्काल चरणमा नयाँ स्थायी पूर्वाधार निर्माणभन्दा सुरक्षित वैकल्पिक सिकाइ, विद्यालय स्थानान्तरण, खानेपानी र शौचालय, शैक्षिक सामग्री, पहुँच र लजिस्टिकलाई प्राथमिकता दिई त्यसपछि विस्तृत प्राविधिक मूल्यांकनका आधारमा पुनर्निर्माणतर्फ जानुपर्ने देखिन्छ। प्रतिवेदनले पनि तत्काल शिक्षा प्रतिक्रिया योजना बनाई विद्यालयलाई आवश्यकताका आधारमा क्रमबद्ध प्राथमिकता दिन सिफारिस गरेको छ।

## विद्यालय...

प्रतिवेदनमा ३ हजार २३२ पाठ्यपुस्तक, स्थानीय तहको आवश्यकताअनुसार स्वयंसेवी शिक्षक, १४ स्वयंसेवक, २० वटा विद्यालय परिसरको भग्नावशेष हटाउने, सरसफाइ तथा कीटाणुशोधन, ४ हजार ५६१ सेट विद्यालय फर्निचर तथा शैक्षिक सामग्री, विद्यालय फर्निचर, ३ महिनासम्म शिक्षक तथा विद्यार्थीका लागि मनोसामाजिक परामर्श तथा सहयोगविद्यालय र सत्र प्रभावित सबै विद्यालयमा साप्ताहिक रूपमा ३ महिनासम्म, बाल संरक्षण तथा सुरक्षा, विद्यालय र सत्र प्रभावित सबै विद्यालय तथा होल्डिङ सेन्टरमा साप्ताहिक रूपमा, ३ महिनासम्म विस्तृत प्राविधिक इन्जिनियरिङ तथा खानेपानी तथा शौचालय क्षति तथा आवश्यकता गर्न ३१ जना आवश्यक रहेको उल्लेख छ।

## एमालेमा...

त्यस्तै, जेन-जी आन्दोलनअघिको सरकारमा ओलीसँगै उपाध्यक्षहरू विष्णु पौडेल र पृथ्वी सुब्बा गुरुङ तथा पार्टी सञ्चालनमा महासचिव शंकर पोखरेलको समेत महत्वपूर्ण भूमिका रहेकाले कमजोरीको जिम्मेवारी सामूहिक रूपमा लिनुपर्ने धारणा सदस्यहरूले राखेका छन्।

एमालेभित्रको विवाद केवल केन्द्रीय नेतृत्वमा सीमित छैन। अध्यक्ष ओलीको नेतृत्व निरन्तरता, दोस्रो पुस्ताको दाबी र युवा पुस्तालाई नेतृत्वमा ल्याउने बहस क्रमश: तल्लो तहसम्म पुगिरहेको नेताहरू बताउँछन्। युवा पुस्तालाई नेतृत्वमा ल्याउनुपर्ने आवाज पार्टीभित्र बढ्दै गए पनि ओलीनिकट नेताहरूले तत्काल नेतृत्व परिवर्तनको बहसलाई अस्वीकार गर्दै आएका छन्।

यसले एमालेमा दुई प्रकारको असन्तुष्टि जन्माएको देखिन्छ। एउटा पक्ष पार्टीभित्र पुस्तान्तरण अपरिहार्य भएको बताइरहेको छ भने अर्को पक्ष तत्काल नेतृत्व परिवर्तनको बहसले पार्टीलाई थप कमजोर बनाउने तर्कमा छ। पार्टीभित्र लामो समयदेखि अध्यक्षको निर्णयमाथि प्रश्न उठाउने नेताहरूलाई नेतृत्वमा पुग्न कठिन हुने गरेको आरोप पनि लाग्दै आएको छ। आलोचनालाई संस्थागत रूपमा सम्बोधन गर्नेभन्दा नेतृत्वको बचाउ गर्ने प्रवृत्ति बढेको भन्दै दोस्रो तहका नेताहरू असन्तुष्ट छन्।

कार्यदलमा अहिले मुख्यत: दुईवटा प्रतिवेदन छन्। महासचिव शंकर पोखरेलले तयार पारेको प्रतिवेदन र संयोजक बादलले तयार पारेको प्रतिवेदनबीचका राजनीतिक निष्कर्ष र आरोप-प्रत्यारोपले कार्यदललाई निष्कर्षमा पुग्न कठिन बनाएको छ। मध्यमार्गी नेताहरूले दुवै प्रतिवेदनलाई मर्ज गरेर एउटै दस्तावेज बनाउने विकल्प अघि सारेका छन्।

त्यसका लागि पोखरेलको प्रतिवेदनमा रहेको अध्यक्ष हटाउने र विशेष महाधिवेशन बोलाउने विषयलाई संशोधन गरी आवश्यकताअनुसार नेतृत्व परिवर्तन गर्न सकिने भाषामा लैजाने प्रस्ताव छ। त्यस्तै, बादलको प्रतिवेदनमा कार्यदलका सदस्य तथा नेताहरूमाथि लगाइएका व्यक्तिगत र राजनीतिक आरोपहरू हटाएर नीतिगत विषयमा केन्द्रित गर्ने प्रस्ताव गरिएको छ।

तर पुनर्गठनको पक्षमा रहेका नेताहरूले यसलाई सहजै स्वीकार गरिसकेका छैनन्। 'नीतिगत छलफल सकिएको छ। अब दुवै प्रतिवेदन पुनर्लेखन गरेर केन्द्रीय कमिटीमा पठाउनुको विकल्प छैन,' बैठकमा सहभागी एक मध्यमार्गी सदस्यले भने, 'संयोजक र सदस्य सचिवलाई जिम्मा दिने वा बैठक बसेर अन्तिम रूप दिई सबै सदस्यले हस्ताक्षर गर्ने भन्ने विषयमा छलफल भइरहेको छ।'

एमालेले निर्वाचनपछि पार्टीको संगठनात्मक अवस्था, जनतासँगको सम्बन्ध र नेतृत्व शैलीबारे पुनर्विचार गर्नुपर्ने निष्कर्षसहित पुनर्गठन कार्यदल गठन गरेको थियो। जेठ ३० देखि असार २३ सम्म देशभर सुझाव संकलन गरिएपछि प्रतिवेदन तयार पारिएको हो।

तर पार्टी पुनर्गठनका लागि बनाइएको कार्यदल नै नेतृत्व विवादको केन्द्र बनेपछि एमालेभित्रको संकट कति गहिरो छ ? भन्ने प्रश्न उठेको छ। आगामी स्थानीय र प्रदेश निर्वाचनलाई लिएर अन्य राजनीतिक दलहरूले संगठन विस्तार र चुनावी रणनीति बनाउन थालेका बेला एमाले भने आफ्नै नेतृत्व र संगठनात्मक संरचनाको बहसमा अल्झिएको छ।

पार्टीभित्रको असन्तुष्टि समयमै सम्बोधन नगर्ने हो भने यसको असर संगठनको तल्लो तहसम्म पुग्ने र निर्वाचनमा समेत देखिन सक्ने चिन्ता नेताहरूले व्यक्त गर्न थालेका छन्। अबको निर्णायक प्रश्न भनेको एमालेले नेतृत्व जोगाउने रणनीतिलाई प्राथमिकता दिन्छ कि निर्वाचन पराजयबाट पाठ सिक्दै संरचनात्मक पुनर्गठनको बाटो रोज्छ भन्ने हो। बल्थली बैठकले त्यसको प्रारम्भिक संकेत दिने अपेक्षा गरिएको छ।

## शशांकले...

उहाँले कथित विशेष महाधिवेशनबाट निर्मित नेतृत्वले गर्ने अधिवेशन र महाधिवेशनले पार्टीलाई एकताबद्ध बनाउनेभन्दा विभाजनलाई संस्थागत गर्ने दिशातर्फ लैजान खोजेको आरोप लगाउनुभएको छ। त्यसैले कानुनी र राजनीतिक दुवै पक्षको सम्मान हुने गरी पार्टीको भविष्यलाई केन्द्रमा राखेर समाधान खोज्नुपर्नेमा उहाँले जोड दिनुभएको छ।

कोइरालाले नेता-कार्यकर्ता तथा शुभेच्छुकलाई भ्रमपूर्ण र गैरजिम्मेवार प्रचारबाट प्रभावित नहुन आग्रह गर्दै १४औं महाधिवेशनबाट निर्वाचित वैधानिक नेतृत्वले सार्वजनिक गरेको कार्यतालिकाअनुसार असोज १५ गतेदेखि हुने वडा हुँदै विभिन्न तहका अधिवेशनमा सहभागी हुन आह्वान गर्नुभएको छ। साथै, उहाँले मंसिर २१, २२ र २३ गते हुने केन्द्रीय महाधिवेशन सफल बनाउन कांग्रेसका सम्पूर्ण नेता-कार्यकर्तालाई आग्रहसमेत गर्नुभएको छ।

## बाढीपछि...

नुवाकोटको विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठले त्रिशूली नदी र आसपासका करिब १९ वटा पुल बगेको जानकारी गराउँदै रसुवा, धादिङ र विदुर जोड्ने सडक सञ्जाल अवरुद्ध हुँदा राहत, उद्धार तथा पुननिर्माणको काममै समस्या परेको बताउनुभयो। होल्डिङ सेन्टरमा बढ्दो चाप र सम्भावित महामारीको जोखिमलाई कम गर्न प्रभावित परिवारलाई अस्थायी रूपमा कोठा भाडामा सार्ने तयारी गरेको नगरपालिकाले जनाएको छ। नगरपालिकाले छ महिनासम्म आवश्यक भाँडाकुँडा, ग्यास चुलो-सिलिन्डर र खाद्यान्नको व्यवस्था गर्नुका साथै प्रति परिवार १० हजार रूपैयाँ उपलब्ध गराउने तयारी गरेको प्रमुख श्रेष्ठले जानकारी दिनुभयो। त्रिशूलीपारि रहेको प्रदेशस्तरीय अस्पताल र बस्तीलाई जोड्न तत्काल ह्युमपाइप डाइभर्सन निर्माण गर्ने तथा आवश्यक स्थानमा बेलीब्रिज राख्ने विषयमा पनि प्रधानमन्त्री शाहसंग छलफल भएको प्रमुख श्रेष्ठले बताउनुभयो।

सुरक्षित स्थानमा बस्ती स्थानान्तरण तथा नयाँ बस्ती विकास गर्दा स्थानीय सांस्कृतिक, ऐतिहासिक र कृषि परिवेशलाई जोगाउनुपर्ने उनीहरूको माग छ। जोखिमयुक्त बस्तीलाई ल्यान्डपुलिङमार्फत व्यवस्थित र सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने विषय पनि छलफलमा उठाइएको सहभागी जनप्रतिनिधिहरू बताउँछन्। स्थानीय तहले तत्काल गर्नुपर्ने कामको सँची प्रस्तुत गरे पनि ती विषयमा कुन निकायले, कति समयभित्र र कसरी काम गर्ने भन्ने विषयमा सरकारले कार्ययोजना बनाउने बताइएको छ।

प्रधानमन्त्री शाहले भने प्रभावित क्षेत्रमा राहत तथा पुनर्निर्माणका लागि बजेटको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै राज्यका सबै निकाय प्रभावित क्षेत्रमा क्रियाशील रहेको बताउनुभयो। उहाँले बाढीपछिको अवस्था, अहिले देखिएका समस्या, तत्काल चाल्नुपर्ने कदम र दीर्घकालीन पुन:स्थापनाका विषयमा स्थानीय जनप्रतिनिधिबाट सुझाव लिनुभएको थियो। प्रधानमन्त्री शाहले राहत, पुन:निर्माणमा संघ, प्रदेश र स्थानीय तह मिलेर जानुपर्ने बताउनुभएको थियो।

यसैबीच बाढीले कुल ३७ मोटरेबल पुलमा क्षति पुगेको रसुवा-भोटेकोशी बाढी २०८३ द्रुत क्षति तथा आवश्यकता आँकलन प्रतिवेदनमा उल्लेख गरिएको छ। सरकारले तयार गरेको सो प्रतिवेदनअनुसार ३३ वटा पुल पूर्णरूपमा बगेका छन्। पूर्णरूपमा बगेका पुलको कुल लम्बाइ २ हजार ७ सय ९२ मिटर रहेको प्रतिवेदनमा उल्लेख छ। पुलको लम्बाइका हिसाबले सबैभन्दा धेरै क्षति नुवाकोटमा भएको छ। नुवाकोटमा कुल १४ वटा पुल पूर्णरूपमा बगेको र यसको लम्बाइ १४ सय ८० मिटर रहेको छ। रसुवामा १३ पुल बगेका छन्, जसको लम्बाइ भने ५ सय ६६ मिटर मात्र छ। धादिङमा भने ५ वटा पुल बगाउँदा कुल ६ सय १३ मिटर लम्बाइ बराबरको क्षति भएको छ।

गोरखामा एउटा पुल बग्दा १ सय ३३ मिटरको क्षति भएको छ। बगेका मोटरेबल पुलमध्ये नुवाकोटमा मात्र ४० दशमलव ५ प्रतिशत बराबरको क्षति भएको देखिएको छ। प्रतिवेदनअनुसार रसुवाका पुलहरूको लम्बाइ छोटो थियो। सोहीकारण करिब नुवाकोटमा बराबर संख्यामा पुल क्षति हुँदासमेत रसुवा जिल्लामा क्षति भएको पुलको कुल लम्बाइ कम छ। बाढीका कारण ४ वटा पुलमा आंशिक क्षति भएको पाइएको छ। जसको लम्बाइ २ सय ४० मिटर छ। बाढीले ६८ झोलुङ्गे पुलमा क्षति गरेको थियो। झोलुङ्गे पुलमा भने १० हजार ६ सय ७० मिटर बराबरको क्षति भएको छ। सोहीकारण यस बाढीले नदी वारपारको क्षेत्रमा पहुँच विच्छेद गरेको छ।

## पीडामाथि...

कुनै दिदीले भाइको बाटो हेरिरहेकी हुन सक्छिन्। कुनै बालकले आमाबुबा कहिले फर्किएलान् ? भनेर आँखा बिछ्याइरहेको हुन सक्छ।

कसैको घरमा दरको थाल अगाडि राखेर बसिरहँदा कसैको घरमा चुल्हो नबलेको हुन सक्छ। कतिले माइतीको आँगनमा दिदीबहिनीसँग खुसी साटिरहँदा कसैको माइती नै उजाडिएको हुन सक्छ। कोही मन्दिरमा महादेवको दर्शन गरिरहँदा कसैको परिवार आफ्नो प्रियजनको खोजीमा भौंतारिरहेको हुन सक्छ। त्यसैले यसपालिको तीजमा देखिने रौनकभन्दा महसुस हुने पीडा ठूलो छ।

तीज आस्था मात्र नभई भावनाको पर्व हो। हरितालिका तीजको धार्मिक पक्ष जति महत्वपूर्ण छ, यसको सामाजिक र सांस्कृतिक पक्ष पनि उत्तिकै गहिरो छ। पौराणिक मान्यताअनुसार पार्वतीले भगवान् शिवलाई पति प्राप्त गर्ने उद्देश्यले कठोर तपस्या गरेको स्मरणमा हरितालिका तीज मनाउने परम्परा परापूर्व कालदेखि चल्दै आएको छ।

विवाहित महिलाले श्रीमान्को दीर्घायु र पारिवारिक सुख-शान्तिका लागि तथा अविवाहित युवतीले सुयोग्य वरको कामनासहित व्रत बस्ने धार्मिक विश्वास छ। शिव-पार्वतीको पूजा, मन्दिर दर्शन र व्रतसँगै तीज नेपाली महिलाको सामाजिक सम्बन्ध पुन: जोड्ने पर्व पनि हो। विशेषगरी माइती जाने, दिदीबहिनी भेट्ने, बाल्यकाल सम्झने, आमाको माया पाउने र आफ्ना मनका कुरा साट्ने अवसरका रूपमा तीजको विशेष महत्व छ।

तीजका गीतमा नेपाली महिलाका सुख र दु:ख मात्र होइन, समाजका विकृति र विसंगतिसमेत अभिव्यक्त हुँदै आएका छन्। विगतमा महिलाका लागि आफ्नो पीडा सार्वजनिक रूपमा व्यक्त गर्ने अवसर सीमित थियो। त्यस्तो अवस्थामा तीजका गीत उनीहरूको भावनाको आवाज बने। गरिबी, महिला हिंसा, पारिवारिक पीडा, सामाजिक विभेद, माइतीको सम्झना र घरपरिवारका भोगाइदेखि सामाजिक तथा राजनीतिक विषयसम्म तीजका गीतमा समेटिँदै आए। त्यसैले तीज केवल धार्मिक अनुष्ठान होइन, नेपाली महिलाको जीवन र भावनाको ऐना पनि हो।

माइती जाने पर्व, पीडितलाई सम्झने पर्व, विवाहपछि घरपरिवारको जिम्मेवारीमा बाँधिएका महिलाका लागि तीज माइतीसँग भेट्ने महत्वपूर्ण अवसर हो। माइतीको आँगनमा पुग्दा बाल्यकालका सम्झना फर्किन्छन्। आमाको माया, दिदीबहिनीको साथ र आफन्तको आत्मीयता पुन: अनुभूति हुन्छ। तर यसपालि त्यही आत्मीयताको अर्थ अझ गहिरो बनेको छ। आज कति चेलीले माइतीको आँगनमा बसेर दर खाँदै गर्दा कुनै परिवार आफ्नो घरको भग्नावशेष हेरेर बसिरहेको हुन सक्छ। दिदीबहिनीसँग गीत गाउँदै गर्दा कसैकी दिदी वा बहिनी हराइरहेकी हुन सक्छिन्। मन्दिरमा दीप बाल्दै गर्दा कसैको घरमा चुल्हो नै नबलेको हुन सक्छ।

यही अनुभूतिले यसपालिको तीजलाई फरक बनाएको छ। मानवता नै सबैभन्दा ठूलो धर्म हो। विपद्का बेला पर्व मनाउनु हुँदैन भन्ने होइन। धर्म, संस्कृति र परम्परा समाजका जीवन्त आधार हुन्। तर पर्वको खुसीमा अरूको पीडाप्रति संवेदनहीन हुनु हुँदैन। यसपालिको तीजले आम नेपाली हिन्दु धर्मालम्बी महिलाहरूलाई यही मानवीय भावना सिकाउन सक्छ। दरको एउटा हिस्सा विपद्मा परेका परिवारका लागि छुट्याउन सिकायो। अनावश्यक तामझाम घटाएर राहतमा सहयोग गर्न सिकायो। बेपत्ता आफन्तको खोजीमा रहेका परिवारप्रति सहानुभूति व्यक्त गर्न सिकायो। घरबारविहीन बालबालिका, महिला, वृद्धवृद्धा तथा संकटमा परेका परिवारको संरक्षणमा हातेमालो गर्न सिकाओस्।

किनभने धर्मको सार केवल पूजा र व्रतमा छैन, मानिसप्रतिको करुणा र सेवामा पनि छ। यतिबेला शिवलाई प्रसन्न पार्न मन्दिरमा जल चढाउने नेपाली समाजले संकटमा परेको मानिसलाई एक गिलास पानी दिन सक्यो भने त्यो पनि उत्तिकै ठूलो पुण्य हुन सक्छ। पछिल्ला वर्षहरूमा तीजको स्वरूपमा पनि ठूलो परिवर्तन आएको छ। धार्मिक तथा पारिवारिक पर्वका रूपमा सीमित रहेको तीज सामाजिक जमघट, सांस्कृतिक कार्यक्रम र मनोरञ्जनको ठूलो अवसर बनेको छ। यसले महिलालाई सार्वजनिक जीवनमा अभिव्यक्त हुने अवसर दिएको छ भने कतिपय अवस्थामा अनावश्यक तामझाम र खर्चको प्रतिस्पर्धा पनि बढाएको छ।

यसपालिको विपद्ले भने हामीलाई फेरि सोच्न बाध्य बनाएको छ– पर्व खुसी देखाउने माध्यम हो कि खुसी बाँड्ने अवसर ? आफ्नो घरमा दर पाक्दा अर्को घरको चुल्हो सम्झन सकियो भने, आफ्नो शरीरमा नयाँ पहिरन सजाउँदा घरबारविहीन परिवार सम्झन सकियो भने, मन्दिरमा पूजा गर्दा विपद्मा परेका मानिसको जीवनरक्षाका लागि प्रार्थना गर्न सकियो भने तीजको अर्थ अझ फराकिलो बन्न सक्छ।

तीज हरेक वर्ष नयाँ रौनक लिएर आउँछ। तर यसपालिको तीजले नेपाली समाजलाई एउटा गम्भीर पाठ सिकाएको छ–मानिसको जीवनभन्दा ठूलो कुनै पर्व, कुनै उत्सव र कुनै खुसी हुँदैन। पीडामा रहेका परिवारको आँसु पुछ्न सकियो भने, हराइरहेका आफन्तको खोजीमा साथ दिन सकियो भने, भोकालाई खाना र घरबारविहीनलाई आश्रय दिन सकियो भने सायद यसपालिको तीजको सबैभन्दा ठूलो पूजा त्यही हुनेछ।

यसपालिको तीजमा महादेवसँग गरिने प्रार्थना केवल आफ्ना परिवारका लागि सीमित नहोस्। 'हे महादेव, विपद्मा परेका सबै नेपालीलाई धैर्य देऊ। हराएका आफन्तको खोजीमा सफलता देऊ। पीडित परिवारलाई बाँच्ने साहस देऊ। घरबारविहीनलाई सुरक्षित बास देऊ। शोकमा डुबेकालाई सहने शक्ति देऊ र हाम्रो देशलाई फेरि उज्यालो बनाइदेऊ।' सायद यसपालिको तीजको सबैभन्दा ठूलो अर्थ यही हो। दरभन्दा ठूलो दया, व्रतभन्दा ठूलो मानवता र उत्सवभन्दा ठूलो एकता–यसपालिको तीजले यही सन्देश देओस्।

केही समय यता मानिसमा मानवता नै हराएको त हैन भन्ने देखाइरहेको छ। विपद्ले नेपाली समाजलाई दु:ख दिएको छ, तर यही दु:खले मानवता पनि जगाओस्। एकको आँसु अर्कोको आँखा बन्न सकोस्। एकको पीडा सबैको पीडा बन्न सकोस्। यही पीडामाथिबाट आशा, सहकार्य र एकताको नयाँ उज्यालो जन्मियोस्।

**पाँचखपन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वाना, संखुवासभा,**
**कोशी प्रदेश, नेपाल**

**सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना ।**

(सूचना प्रकाशित मिति : २०८३/०५/३०)

यस नगरपालिका अन्तर्गत देहायको क्षेत्रबाट ग्राभेल/गिट्टी तथा बालुवा संकलन/उत्खनन गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण (Initial Enviromental Examination- IEE) भइरहेको हुँदा सो सम्बन्धमा तपसिलको मिति, समय र स्थानमा हुने सार्वजनिक सुनुवाइमा सहभागी भइ वा फोन/इमेल वा लिखित रुपमा ७ दिन भित्र आफ्नो राय/सुझाव तथा प्रतिक्रिया यस कार्यालयमा उपलब्ध गराइदिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | प्रारम्भिक वातावरणीय परीक्षण हुने बगरको नाम | ठेगाना | सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान | परामर्शदाताको नाम |
|---|---|---|---|---|
| १ | कटारे बेसी बगर (दोभान) | वडा नं. १/२ | २०८३ साल आश्वीन १० गते, ३.०० बजे: ३ नं. वडा कार्यालय, सिभुवा | समिटपिक इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली., कागेश्वरी मनोहरा-०७, काठमाडौं । |
| २ | कटारे बेसी बगर (माथिल्लो भाग), कटारे बेसी बगर (तल्लो भाग), रिट्ठे बगर | वडा नं.२ | २०८३ साल आश्वीन १० गते, ३:०० बजे: ३ नं. वडा कार्यालय, सिभुवा | |
| ३ | माक्सुवा बगर | वडा नं. ३/४ | २०८३ साल आश्वीन १० गते, ३:०० बजे: ३ नं. वडा कार्यालय, सिभुवा | |
| ४ | माझी जंगल बगर, लामी दुवालीको पक्की पुल देखि हेवाखोला-सभा दोभान सभाखोला बगर क्षेत्र, खेकुवा दोभान बगर | वडा नं. ४ | २०८३ साल आश्वीन १० गते, ११:०० बजे: ४ नं.वडा कार्यालय, टिमुरे | |
| ५ | खवारे बगर | वडा नं. ५ | २०८३ साल आश्वीन १० गते, ११:०० बजे: ३ नं. वडा कार्यालय, टिमुरे | |
| ६ | बगुवाखोला दोभाने देखि त्रिवेणी हेवाखोला बगर क्षेत्र र सभा दोभान देखि लुहाकोट झोलुंगे पुल सम्म हेवाखोला बगर क्षेत्र | वडा नं. ८ | २०८३ साल आश्वीन १० गते, ११:०० बजे: ३ नं. वडा कार्यालय, टिमुरे | |

**प्रमुख प्रशासकीय अधिकृत**

## प्रोफेशनल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
प्रयागमार्ग, मिनभवन, काठमाडौ
फोन.नं.०१ -४६२०४३३ /०१-४६२०४८८

### कर्जा ऋण चुक्ता भुक्तान गर्ने तथा लिलाम विक्री सम्वन्धी १५ दिने सूचना
(प्रकाशित मिति २०८३।०५।३० गते)

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित चल, अचल सम्पति कर्जा सुरक्षण वापत धितो राखि तपसिलका ऋणीहरुले लिनु भएको ऋण कर्जाको सावाँ, व्याज, हर्जना लगायतका अन्य रकम यस संस्थासँगको शर्त कबुलियत बमोजिम तिर्न बुझाउन पर्नेमा सो नतिरि नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरि पटक पटक मौखित तथा लिखित तरताकेता पत्राचार गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गर्नु भएकोले सहकारी ऐन २०७४ को दफा ७९ र ८३ तथा सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम ऋणकर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ (पन्ध्र) दिन भित्र तपसिलका ऋणीले अबिलम्ब यस सहकारीमा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण बाँकी सावा ब्याज हर्जना समेत कर्जा रकम एकमुष्ट चुक्ता भुक्तानी गरि गराई सुरक्षणमा राखिएको धितोको सम्पतिको संरक्षण गर्नु हुन भनी यो सुचना प्रकाशित गरिएको छ । तोकिएको समयमा सावा ब्याज हर्जना समेत नतिरे नबुझाएमा तपशिलमा उल्लेखित धितो सुरक्षणको घर जग्गा लिलाम बिक्री वा सकार गरि कर्जा रकम अशुल उपर गरिने ब्यहोरा समेत जानकारी गराईन्छ । यो सुचना प्रकाशित भएको मितिले १६ औं (सोह्रौं) दिनको दिनमा तपसिलमा उल्लेखित घर जग्गा जे जस्तो अवस्थामा छ सोही बमोजिम लिलाम सकार गरि लिन ईच्छुक व्यक्ति वा संघसंस्थाले तपसिलमा उल्लेखित शर्तको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएकोछ । सूचना बमोजिम शिलबन्दी बोलपत्र नपरेको अवस्थामा सहकारी आफैले सकार गरि सहकारीको नाममा नामसारी दाखिल खारेज गरि संस्थाको नाममा राखिने व्यहोरा सुचित गरिन्छ ।

**ऋणी तथा धितोको विवरण**

| सि.नं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १. | ऋणीको नाम: चित्र कुमार श्रेष्ठ<br>बाबु: धन बहादुर श्रेष्ठ<br>बाजे : जगत बहादुर श्रेष्ठ<br>ना.प्र.प.न.: ४९८७/१५९९ दोलखा<br>ठेगाना:- का.म.न.पा. १५, काठमाण्डौ<br>धितोको विवरण : चित्र कुमार श्रेष्ठको नाममा श्रेस्ता कायम रहेका झापा जिल्ला साविक खजुरगाछी वडा न. ८ स्थित कि.न. ३९६ को क्षेत्रफल ७३२५ ब.मि. जग्गा र सो मा बनेका सम्पूर्ण संरचनाहरु । | नाम: रबिन्द्र कुमार श्रेष्ठ<br>बाबु: ईन्द्र कुमार श्रेष्ठ<br>बाजे : धन बहादुर श्रेष्ठ<br>ना.प्र.प.न.: १०८२/७८०<br>सोलुखुम्बु<br>ठेगाना:- गोकर्णेश्वर ६, बेशीगाँऊ, काठमाण्डौं |
| २. | ऋणीको नाम: जामुन चौधरी<br>बाबु: ढोढाई दास थारु<br>बाजे : मलेसी दास थारु<br>ना.प्र.प.न.: १९३३।१०६८ रौतहट<br>ऋणीको नाम: आनन्दी देवी<br>बाबु: सुर्य नारायण चौधरी<br>पति : जामुन चौधरी<br>ना.प्र.प.न.: ३०३६ रौतहट<br>ठेगाना: डुमरीया ८, रौतहट<br>धितोको विवरण : जामुन चौधरीको नाममा श्रेस्ता कायम रहेका रौतहट जिल्ला साविक डुमरीया ८, स्थित कि.न. १६७४ को क्षेत्रफल ०-३-७-० बिगाह जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु ।<br>आनन्दी देवीको नाममा श्रेस्ता कायम रहेका रौतहट जिल्ला साविक डुमरीया ८, स्थित कि.न. १६७२ को क्षेत्रफल ०-३-२-० बिगाह जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । | नाम: श्याम किशोर चौधरी<br>बाबु: बोध नारायण<br>बाजे : खेना चौधरी<br>ना.प्र.प.न.: १२६ रौतहट |
| ३ | ऋणीको नाम: ईन्द्र कुमारी लिम्बु<br>बाबु: नर बहादुर लिम्बु<br>बाजे : चुम्लिङ्ग हाङ्ग लिम्बु<br>ना.प्र.प.न.: ५१२३६ मोरङ्ग<br>ऋणीको नाम: भोज कुमार लिम्बु<br>बाबु: नर बहादुर लिम्बु<br>बाजे : चुम्लिङ्ग हाङ्ग लिम्बु<br>ना.प्र.प.न.: ४।५९६५ मोरङ्ग<br>केरावारी, मोरङ्ग हाल का.म.न.पा ३१<br>धितोको विवरण : ईन्द्र कुमारी लिम्बुको नाममा श्रेस्ता कायम रहेका मोरङ्ग जिल्ला साविक केराबारी ३ च, स्थित कि.न. १७ र १८ को क्षेत्रफल क्रमस ०-१०-०-० र ०-१०-०-० बिगाह गरि जम्म १-०-०-० जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । | नाम: ईन्द्र कुमारी लिम्बु<br>बाबु: नर बहादुर लिम्बु<br>बाजे : चुम्लिङ्ग हाङ्ग लिम्बु<br>ना.प्र.प.न.: ५१२३६ मोरङ्ग |
| ४ | ऋणीको नाम: पदम कुमार कटुवाल<br>बाबु: ललित बहादुर कटुवाल<br>बाजे : नर बहादुर कटुवाल<br>ना.प्र.प.न.: ३४१५१२८८ झापा<br>ऋणीको नाम: सीता अधिकारी<br>बाबु: गणेश बहादुर अधिकारी<br>बाजे : फष्ट बहादुर अधिकारी<br>ना.प्र.प.न.: १०७५ चितवन<br>ऋणीको नाम: श्याम कुमार श्रेष्ठ<br>बाबु: शेर बहादुर श्रेष्ठ<br>बाजे : कहरमान श्रेष्ठ<br>ना.प्र.प.न.: ६४३८११९ झापा<br>ठेगाना:(जुरोपानी ५, झापा<br>हाल: काठमाण्डौं ३१<br>धितोको विवरण : झापा जिल्ला साविक धाईजन ११ स्थित पदम कुमार कटुवालको नाममा दर्ता कायम रहेको कि.न. १३९६ को क्षेत्रफल ४९१ ब.मि.जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । | नाम: राज कुमार कटुवाल<br>बाबु: ललित बहादुर कटुवाल<br>बाजे : नर बहादुर कटुवाल<br>ना.प्र.प.न.: ३४१५६१४०<br>झापा |
| ५. | ऋणीको नाम: गणेशलाल महर्जन<br>बाबु: अष्टलाल महर्जन<br>बाजे : पृथीलाल महर्जन<br>ना.प्र.प.न.: ५६४ मकवानपुर<br>ठेगाना: हेटौडा ४, मकवानपुर हाल का.म.न.पा. ३४, काठमाण्डौं<br>**धितोको विवरण:** गणेशलाल महर्जनको नाममा श्रेस्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला साविक महेन्द्रज्योती बासडोल ७ ग स्थित कि.न. १०१५ को क्षेत्रफल ०-५-२-० रोपनी जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । | नाम: गणेशलाल महर्जन<br>बाबु: अष्टलाल महर्जन<br>बाजे : पृथीलाल महर्जन<br>ना.प्र.प.न.: ५६४<br>मकवानपुर |

**लिलाम बिक्रि समेत सम्वन्धी शर्त बन्देजहरु:-**

१. लिलाम बोलपत्र आवेदन फारम यस सहकारीको केन्द्रिय कार्यालय मिनभवन प्रयाग मार्गबाट रु.१०००/-(पछि फिर्ता नहुने गरि) तिरि लिन सकिने छ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लेखित सम्पतिहरु जे, जस्तो अबस्था र परिमाणमा छ सोहि अबस्था र परिमाणका लागी बोलपत्र पेश गर्न सकिने छ ।
४. बोलपत्र साथ आफूले कवुल गरेको कुल रकमको १०% रकम यस सहकारीको मन्जुश्री फाइनान्स लिमिटेड बानेश्वर ००१०००००७७२८ बैकमा रहेको खाता नं.जम्मा गरेको सक्कलै भौचर सहित यो सुचना प्रकाशित भएको मितिले १६ औ दिनको (सो दिन विदा परे कार्यालय खुलेको) १० (दश) बजे देखि २ (दुई) बजे भित्र गोप्य शिलबन्दी बोलपत्र सहकारीको केन्द्रिय कार्यालय मिनभवन प्रयाग मार्गमा पेश गर्नु पर्नेछ । बोलपत्र सोहि दिन ३ (तिन) बजे सहकारीको केन्द्रिय कार्यालय मिनभवन प्रयाग मार्गमा खोलिनेछ ।
५. बोलपत्र पेश गर्ने व्यक्ति भए नागरिक्ताको फोटोकपी, संघसंस्था वा कम्पनी भए दर्ता तथा कर प्रयोजन दर्ता भएका प्रमाण कागजहरु र चालु आ.व.को करचुक्ताको फोटोकपी समेत पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्रि हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयमा यस सहकारीमा संपर्क राखि हेर्ने, बुझ्न सकिने छ ।
७. बोलपत्र दाताको बोलपत्र स्वीकृत भएको जानकारी पाएका मितिले १५ दिन भित्र आफूले बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई वोलकवोलको सम्पति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्याद भित्र बोलकबोल रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ ।
८. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पति नामसारी दाखिल खारेज गर्दा लाग्ने राजश्व लगायतको सम्पूर्ण राजश्व तथा अन्य शुल्क दस्तुर ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
९. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम र शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत नहुँदा सम्म धरौटी फिर्ता हुने छैन ।
१०. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत: रद्द हुने छ ।
११. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस सहकारी संस्थामा सुरक्षित हुनेछ ।
१२. वोलपत्र सदर बदर हुनु अगावै ऋणीले ऋण रकमको सम्पूर्ण साँवाव्याज लगायतका रैरकम चुक्ता राफसाफ गरेमा पेश भएका बोलपत्र रद्द गरि बोलपत्र वापतको धरौटी रकम साँवा मात्र फिर्ता हुनेछ ।
१३. लिलाम बिक्रि गर्ने भनिएको उल्लेखित सम्पती लिलाम सकारको लागी कोही कसैको रित पुर्वकको बोलपत्र नपरे वा कसैले नसकारेमा कानून बमोजिम सहकारी आफैले सकार गरि नामसारी दाखिल खारेज गर्न वा पुन लिलामी प्रकृयामा लैजान सक्नेछ ।
१४. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति:- २०८३।०६।१५**
**बोलपत्र पेश गर्ने समय:- मध्यान्न १०:०० बजे देखि २:०० बजे सम्म ।**
**बोलपत्र खोलिने स्थान:- प्रोफेशनल बचत तथा ऋण सहकारी संस्थाको कार्यालय प्रयागमार्ग, मिनभवन, काठमाडौ ।**
**समय:- दिनको ३:००**


# एन्फाले आज राखेप परिसरमा धर्ना दिने

**नेपाल समाचारपत्र, काठमाडौं**




अखिल नेपाल फुटबल संघ (एन्फा) ले निलम्बन फुकुवाका लागि राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा ज्ञापनपत्रसहित धर्ना दिने भएको छ।

विश्व फुटबलको सर्वोच्च निकाय फिफाद्वारा निलम्बनमा परेको एन्फाले आज मंगलबार ११ बजे धर्ना दिइने जनायो। निलम्बन एन्फाका महासचिव किरण राईको अनुसार राखेप परिसरमा एक घण्टा धर्ना दिने र त्यसपछि पत्रकार सम्मेलन गरिने कार्यक्रम रहेको छ।

एन्फा सचिवालयले नेपाली फुटबलको अन्योल अन्त्य, निलम्बन फुकुवा तथा फुटबल गतिविधि नियमित सञ्चालनको वातावरण बनाउन राखेप र सम्बन्धित निकायको ध्यानाकर्षण गराउने जनाएको छ।

